# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ९ साउन २०७९
# सोमवार
# बैठक सङ्ख्या- ४१

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:१५ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नगरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय गृहमन्त्री बालकृष्ण खाँणले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनहुन अनुरोध गर्दछु ।

माननीय देवेन्द्र दाहाल । समय तीन मिनेट ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, आज यो नेपाल नागरिकता विधेयक, २०७९ को बारेमा छलफलमा छौं हामी र राज्य सञ्चालनको प्रमुख पात्र नै नागरिक हो । देशको नागरिक हो र हामी त नागरिकका प्रतिनिधि मात्रै हौं र नागरिकताजस्तो विषय नगारिकता प्रदान गर्ने नागरिकले नागरिकता प्रदान गर्ने लिनेजस्तो विषय संवेदनशील विषय हो । यस्तो विषयमा प्राय सबै देशमा खुकुलो प्रावधान राखिँदैन । सबै जसो देशमा प्रावधानहरू चाहिँ कसिलो नै राखिएको हुन्छ र धेरै लामो समयको प्रतीक्षापछि विधेयक आएको छ खुसीको कुरा हो तर यहाँ केही प्रावधानहरू जस्तो यो विधेयकको दुई नम्बर दफाको २ नम्बरको (४) मा उल्लेख भ'को विषय स्वागतयोग्य छ किनभने लामो समयदेखि जन्मको आधारमा आमाबुवाको भएर पनि छोरा छोरीले नागरिकता प्राप्त गरेको अवस्था थिएन तर यो मूल विधेयकको दफा ५ मा अङ्गीकृत नेपाली नगारिकताको लागि विषयमा उल्लेख गरिएको छ र यो विषयमा मेरो गम्भीर ध्यानाकर्षण भएको छ र यो विधेयक चाहिँ त्यसबारेमा अलिक संशोधन गरेर आउला भन्ने लागेको थियो र यसमा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्ने छ । त्यसरी निवेदन दिंदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्यागने कारबाही भएको निस्सा पनि पेस गर्नुपर्ने छ भनेको रहेछ र यसमा चाहिँ स्पष्ट ढङ्गले यो राज्य व्यवस्था समितिमा पनि छलफल भएर निकै लामो छलफल भएर यसमा चाहिँ सात वर्षे प्रावधान राख्ने भनिएको थियो । तर यो यसलाई जस्ताको ल्याइयो सात वर्षे प्रावधान राखिएन र सात वर्षपछि मात्रै नागरिकता पाउने विवाह

गरेको महिलाले विदेशी महिलाले नेपाल नेपालीसँग विवाह गरेको सात वर्षपछि मात्रै नागरिक पाउने प्रावधान राखिनुपर्थ्यो त्यो विषय यहाँ छुटेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई पौडयाल । समय तीन मिनेट ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, म बहुत धेरै दुखसाथ यसको प्रक्रियामा प्रश्न उठाउँछु पहिला यो विधेयकको पहिलो कुरा त यो प्रक्रियामा एकदमै धेरै असहमति जुन तरिकाले यो प्रतिनिधि सभाबाट हाम्रो सभामा आएको छ । त्यो प्रक्रियामा मेरो असहमति छ । यो विधेयक पहिलको सरकारले प्रतिनिधि सभामा पेस गरेर २२ महिना प्रतिनिधि सभाको राज्य व्यवस्था समितिमा छलफल भएर एउटा निचोडको अवस्थामा आएर प्रतिवेदन आइसकेपछि अहिलेको सरकारले त्यही प्रतिवेदनमा केही सच्याउनै पर्ने प्रावधान भए त्यही प्रतिवेदनमा संशोधन गरेर संशोधन गर्न लगाएर समितिबाट फिर्ता ल्याउन सक्थ्यो त्यो नगरीकन एकदमै अनाहक रूपमा यो विधेयकलाई फिर्ता लगेर कसको दबाब कसको इन्ट्रेस्ट कसको चालमा के भइराखेको छ । थाहा छैन तर नागरिकताजस्तो संवेदनशील विषयमा सरकारले बल मिच्याइँ गरेको छ । सरकारले यो बल मिच्याइँ मात्रै गरेको छैन संसदको अवमूल्यन गरेको छ । संसदको स्वविवेक, सांसदको स्वविवेक निर्णय गर्नेको पनि अवमूल्यन गरेको छ । गठबन्धनको नेताहरूको म सबैको भन्दिनँ गठबन्धनको नेताहरूको बल मिच्याई देखिएको छ । यो प्रक्रियामा मेरो असहमति छ ।

यति भन्दाभन्दै पनि साढे ६ लाखभन्दा बढी युवा युवाती अहिले राज्यविहिन छन् । नागरिकताविहीन छन् । तिनीले नागरिकता पाउनुपर्छ । यो कुरा हामीले पहिला पनि उठाएको हो र अहिले पनि तिनीहरूको त्यो नागरिकताविहीन भएका युवा युवातीहरूलाई नागरिकता दिइने एकल आमाका सन्तानहरू विशेष गरीकन लागि चाहिँ नागरिकता दिने जुन प्रावधान आएको छ । त्यो सही छ । त्यो सही भएको कारणले यो विधेयकलाई फिर्ता गर्नको लागि पनि अप्ठ्यारो भइराखेको छ । तर यो नागरिकता विधेयक आउनुपर्थ्यो ती नागरिकताविहीनहरूले नागरिकता पाउनुपर्थ्यो यो सवाल हामीले बारम्बार वकालत गर्दै आएको हौं त्यो त्यही मौका छोपेर केही डर लाग्दा प्रावधानहरू यहाँ ल्याएको छ । त्यसको म विरोध गर्छु ।

पहिलो कुरा सार्क मूलकमा हेर्ने हो भनेदेखि भारत, अफ्गानिस्तान, श्रीलङ्कामा वैवाहिक अङ्गीकृत नागरिकता सात वर्षमा पाइन्छ पाकिस्तानमा पाँच वर्ष, माल्दिभ्समा बाह्र वर्ष पर्खिनुपर्छ बङ्गलादेशमा दुई वर्ष, नेपालमा आएको भोलिपल्ट किन त्यस्तो प्रावधान राखियो । यो सात वर्ष भनेर प्रतिनिधि सभाले भन्दा भन्दै त्यो सरकारले किन यसरी बलजफत्याइँ गर्यो केको आधारमा गर्यो केको इन्ट्रेस्टमा गर्यो यो कुरा यहाँ प्रष्ट पारिनुपर्छ । लैङ्गिक विभेद र पितृ सत्ताको बल मिच्याइँ प्रष्ट रूपमा देखिन्छ । छोराले विवाह गरेर ल्याएको विदेशी बुहारीले आउने बितिकै पाउँछ । छोरीले प्रेम गर्‍यो, विवाह गर्यो भने उसले अहिले पनि पाउँदैन पाउने प्रावधान राखिएकै छैन । यो बल मिच्याइँ पनि एकदमै धेरै पितृसत्ताको बल मिच्याइँ भन्छु मैले त्यही भएर मेरो असहमति केही प्रावधानहरूमा छन् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिल कुमारी रावल थापा (पार्वती) । समय तीन मिनेट ।

**<u>माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) (नेपाल कम्युनिष्ट पार्टी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नागरिकता नागरिकको एउटा पहिचान हो । हामीले हाम्रो संविधान जारी भइसकेपछि संविधान जारी भएको तीन वर्षभित्र मौलिक हकले व्यवस्था गरेको नागरिकतासम्बन्धी विधेयक बन्नुपर्थ्यो र अगि माननीय सदस्यहरूज्यूले उठाउनुभ'को जस्तो लामो समय प्रतिनिधि सभाको राज्य व्यवस्था समितिमा छलफल भएको नागरिकता विधेयक त्यहींबाट समाधान खोजिनुपर्थ्यो तर त्यो नगरी सरकारले त्यसलाई फिर्ता गरेर नयाँ प्रक्रिया गर्यो प्रक्रियागत कुरामा पनि मेरो असहमति म व्यक्तिगत रूपमा जारी राख्न चाहन्छु । सँगसँगै वैवाहिक अङ्गीकृतको सवालमा जुन प्रावधान आज संसारका कुनै पनि देशमा तुरुन्तका तुरुन्तै नागरिकता पाउने प्रावधान छैन । के कारणले हाम्रो यो अवस्था सृजना भयो म माननीय मन्त्रीज्यूबाट जवाफ चाहन्छु । लैङ्गिक समान्तको हिसाबले संविधानमा जारी भएको अवस्था पनि र अहिले हामी २१ औं शताब्दीमा आइसक्दा पनि फेरि पनि हामीले लैङ्गिक सम्मानता प्राप्त गर्ने अवस्था यो नयाँ विधेयकमा पनि पाउन सकेनौं फेरि पनि लैङ्गिक असमानता । र महिलामाथि फेरि विभेदको अवस्था कायमै पहिलाको तलनामा केही

सकारात्मक भए पनि आजको युगमा आइपुग्दा पनि अझै लैङ्गिक असमान्ता कायम छ । योतर्फ वर्तमान सरकारले पनि ध्यान दिन सकेन । म यो कुरा राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय खिमलाल देवकोटा । समय तीन मिनेट ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नागरिकता व्यक्तिका लागि त्यस देशको सदस्यताको प्रमाणपत्र हो । त्यो देशको नागरिक हुनुको परिचय हो पहिचान हो । नागरिकताले राज्यमा सहभागिता र प्रतिनिधित्वको अधिकार प्रदान गर्दछ । नागरिकता एउटा महत्त्वपूर्ण राजनीतिक विषय पनि हो । जनसङ्ख्यिक र भौगोलिक रूपमा संसारका ठुला ठुला देशसँग जोडिएको भूराजनीतिक विषय पनि हो । नागरिकता राष्ट्र र राष्ट्रियतासँग जोडिएको विषय पनि हो । त्यसैले यो ज्यादै संवेदनशील विषय हो । नागरिकताको प्राप्ति नागरिकको मौलिक र संवैधानिक हकसँग जोडिएको विषय पनि हो ।

विशेषतः नागरिक दिने आधारहरू छओटा छन् । वंशज, जन्म, अङ्गीकृत, सम्मानर्थ क्षेत्र बिल वा क्षेत्र प्राप्ति गैरआवसीय । मैले एक दुइटा विषयमा प्रकाश पर्न अनुमति चाहन्छु । वंशजको आधार यसलाई Right of Blood पनि भनिन्छ । यो बाबु आमाको वंशजको नागरिकताको आधारमा प्रदान गरिन्छ । जन्मको आधार माटोको नाताको आधारमा प्रदान गरिन्छ । व्यक्ति जुन देशमा जन्मियो त्यही देशको नागरिकता पाउनुपर्छ भन्ने मान्यताका आधारमा यस प्रकारको नागरिकता प्रदान गरिन्छ । यो विषयसँग जोडेर सम्माननीय अध्यक्ष महोदय २०४६ सालको चैत्र मसान्तभित्र नेपालमा जन्म भई नेपाल स्थायी बसोबास गर्ने व्यक्तिलाई यसअगि जन्मको आधारमा नागरिकता दिएको थियो । यस व्यवस्थाअनुसार १,९०,७२६ जनाले जन्मसिद्ध नागरिकता प्राप्त गरेका थिए, छन् । तर तिनको सन्तानले जन्मसिद्ध आधारमा नागरिकता प्राप्त गर्ने प्रक्रिया कानुनको अभावमा रोकिएको थियो नागरिकतै नभएका कारण बैङ्कमा खाता खोल्न, राहदानी बनाउन सवारी चालक अनुमति पत्र लिन उच्च शिक्षा अध्ययन गर्न रोजगारीलगायतको समस्या थियो, छ । यो विधेयकले यसको समाधान गर्ने छ । यस आधारलाई हेर्ने हो भने यो विधेयक सकारात्मक छ । प्रशंसनीय छ ।

विधेयकले नेपालको नागरिक आमाबाट नेपालमा जन्म भएको नेपालमा नै बसोबास गरेको बाबुको पहिचान हुन नसकेको र त्यस्तो पहिचान हुन नसकेको भन्दै स्वघोषणा गर्ने व्यक्तिले आमाको नामबाट मात्र पनि वंशजको नागरिकता पाउने व्यवस्था गरेको छ । यो पक्ष पनि सकारात्मक छ । यहाँनिर के समस्या हुन सक्छ भन्ने मेरो अनुमान छ । जस्तो लोभ लालच देखाएर धम्काएर नक्कली आमा खाडा गरिन्छ कि भन्ने चिन्ता पनि हामीले जायर गर्नुपर्छ अनुमान गर्नुपर्छ अध्यक्ष महोदय बाबुको पहिचान हुन नसकेको बेहोराको नागरिकता लिन व्यक्ति वा उसको आमाले स्वघोषणा गर्नुपर्छ प्रावधान चाहिँ विधेयकमा छ । स्वघोषणा गर्नुपर्ने विषय महिलाको निष्ठा, आदर्श, पवित्रामाथि नै अपमान हो । गरियो भन्ने मेरो ठम्याइ छ ।

अङ्गीकृतको आधार यसमा पनि अलिकति केही यसमा पनि केही बहस छलफल हामीले गर्नै पर्ने हुन्छ । राज्यले तोकेको निश्चित आधार मापदण्ड पूरा गरी विदेशी नागरिकलाई कानुनी प्रक्रिया पुऱ्याइ यस प्रकारको नागरिकता प्रदान गरिन्छ । आआफ्नो देशको विशिष्टअनुसार सशर्त यस प्रकारको नागरिकता वितरण भएको पाइन्छ । यो राज्यको इच्छाको विषय पनि हो यहाँनिर हामीले एउटा हातले सिन्दुर लगाउने, अर्को हातले नागरिकता दिने गरी विधेयक आएको छ । राज्य व्यवस्था समितिले सात वर्ष लगाएर २०७७ असार ७ मा दिएको जुन सात वर्षको प्रावधान थियो त्यसलाई जस्ताको तस्तै राखुपऱ्थ्यो अलिकति हामीले हामीकहाँ गरिबी पनि छ; रोजगारीको समस्या पनि छ अब गरिबी र लोभ लालचको कारणले कतिपय हामीकहाँ कस्तो छ । धर्म परिवर्तन पनि गरिएको अवस्था छ । अब यो नागरिकताको लागि पनि मानिसहरू लोभ लालचमा परेर यो कतिपय प्राभवित हुने हो कि भन्ने चिन्ता हुन सक्छ अध्यक्ष महोदय .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय नारायण काजी श्रेष्ठ । समय तीन मिनेट ।

**माननीय श्री नारायण काजी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, मओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, मैले यो नागरिकताको विषयमा यो संशोधन विधेयक यस रूपमा यहाँ आइपुगनुभन्दा अगाडि पनि यही गरिमामय सदनमा बोलेको थिएँ यसमा म चारओटा कुरा बुँदागत रूपमा भन्न चाहन्छु । पहिलो कुरा संविधान जारी गरिसकेपछि पनि नेपालको

संविधानअनुसार नागरिकता पाउनुपर्ने नेपाली नागरिकहरू विशेषतः नेपाली नागरिक बाबुआमाका सन्तानहरूले अहिलेसम्मन नागरिकता प्राप्त नगर्ने जो स्थिति थियो । त्यसलाई समाधान गर्नुपर्‍थ्यो ढिलो भइसकेको थियो । त्यो हल हुने दिशातिर गएको छ त्यो राम्रो कुरा हो ।

अर्को कुरा यहाँ जन्म भएको तर बाबुको पहिचान नभएको चाहिँलाई नागरिकलाई स्वघोषणाको आधारमा महिला आमाको स्वघोषणाको आधार दिने पनि सकारात्मक कदम हो । त्यो पनि आवश्यक थियो । तर त्यो प्रावधान सहि हुँदाहुँदै छिटै गर्नुपर्ने थियो ढिलो भएको सन्दर्भमा अहिले भने पनि गरियो त्यो ठिक छ । तर यसका तिनटा कुराहरूमा ध्यानकर्षण गर्न चाहन्छु पहिलो कुरा यो लोकतान्त्रिक पद्धति मूल्य र संसदीय मान्यताको कोणबाट यसरी विधेयक प्रस्तुत गर्न मिल्दैन; मैले यो कुरा बारम्बार भन्या छु । हामी कहाँ जान खोज्दै छौं एकछिन तत्कालीन रूपमा जे मन लागे पनि गर्ने प्रवृत्तिले हामीलाई गलत दिशा तिर लैजान्छ यो प्रतिनिधि सभाबाट राज्य व्यवस्था समितिमा गयो राज्य समितिले दुई वर्ष छलफल गर्‍यो दुई वर्ष छलफल गरेर सहमति हुन नसकेपछि बहुमत र अल्पमतको आधारमा यसलाई चाहिँ प्रतिवेदन पठायो अब प्रतिनिधि सभाले यसलाई जुन ढङ्गले छलफल गरेर त्यही प्रतिवेदनमा छलफल गर्ने निर्णय गर्नुपर्‍थ्यो त्यसो नगरीकन सरकारले प्रतिवेदनअनुसारको विधेयक फिर्ता लिने फिर्ता ल्याइसकेपछि अल्पमतको विचार लागु हुने गरी यो कानुन व्यवस्था गर्न विधेयक प्रस्तुत गर्ने यो चलन हामीले चलायौं भने लोकतन्त्र अत्यन्तै कमजोर हुन्छ । संसदीय मान्यता कमजोर हुन्छ त्यसैले यो कोणबाट गलत छ भनेर मैले भनेको छु ।

अन्तरवस्तुको हकमा म दुइटा कुरा भन्छु सात वर्ष वैवाहित अङ्गीकृत नागरिकता महिलालाई दिने जो प्रावधान थियो यो हटाउनुपर्ने कुनै कारण थिएन जो समितिले पास गरेको छ । त्यसमा पनि विचार पुर्‍याइएन भन्ने मेरो ठाहर छ र तेस्रो कुरा महिला चाहिँ जो नेपाली नागरिक हुनुहन्छ । वाहाँहरूले कुनै विदेशी नागरिक पुरुषसँग विवाह गरेको अवस्थामा कुनै प्रावधान नै नराख्ने यहाँ बस्न खोजियो यहाँ नागरिकता लिने खोज्यो भने criteria हुन सक्ला तर प्रावधान नै नराख्ने कुरा महिलामाथि ठुलो अन्याय हो यो त्यसकारणले यसबारेमा पनि प्रावधान खोल्नुपर्छ र आवश्यक criteria सहित भन्ने कुरा मैले सैद्धान्तिक छलफलमा पुनः भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय प्रमिला कुमारी । समय तीन मिनेट ।

**माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी नेपाल)ः-** सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सम्बन्धी छलफलको क्रममा म प्रतिनिधि सभालाई धन्यवाद दिन चाहन्छु । कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने संवैधानिक व्यवस्था रहेको हुँदा वाहाँहरूले सही निर्णय लिएर राष्ट्रिय सभामा पठाउनुभ'कोछ । जन्मको आधारमा नेपालको नागरिकता प्राप्त आमाबुवाको सन्तानले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने संवैधानिक व्यवस्थाबमोजिम यो विधेयक पेस भ'को छ ।

नेपाल नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशको आधारमा नेपालको नागरिकता दिने प्रावधान रहेको छ तर बाबु विदेशी नागरिक ठहरिएमा सो वंशज नागरिकता अङ्गीकृत नागरिकतामा परिणत हुने संवैधानिक व्यवस्था छ ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरिएको साबिकमा वंशज वा जन्म आधारमा बाबु वा आमा बाजे वा बज्यै नेपालको नागरिक रहीपछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई सङ्घीय कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृत अधिकार उपभोक्त गर्न पाउने गरी नेपालको गैरआवसीय नागरिकता प्रदान गर्न सकिने व्यवस्था रहेको हुँदा सोबमोजिम नै विधेयक पेस भ'को छ । यस विधेयकमा भएका संशोधनहरू सबै नेपाली नागरिकको मौलिक हकलाई समेटेको हुँदा म यस नेपाल नागरिक (पहिलो संशोधन) विधेयक, २०७९ लागि हार्दिक स्वागत गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सिमित्रा वि.सी. । समय तीन मिनेट ।

**माननीय श्री सिमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, यो वर्षौंदेखि जगडिएको पितृसत्तात्क सोच आज यो नागरिकता विधेयकमा

पनि झल्किएको महशुस भ'को र विगतको सरकारले ल्याएका र सम्बन्धित समितिहरूले वर्षौं छलफल गरेर ल्याएका कुराहरूलाई केही सामान्य संशोधन गरेर ल्यानुपर्नेमा यहाँ पूर्ववत् माननीयज्यूहरूले कुरो उठाइसक्नुभएको छ । नागरिकतामा असमानता हुनुभएन र बुहारीले आउँदाबितिकै पाउँछिन् भने यो राम्रो कुरो होइन यसको सात वर्षे प्रावधान थियो । त्यो ठिक छ र पुरुषलाई पनि छोरीले ज्वाइँ ल्याइन भने पनि कति टाइम राख्ने हो त्यो टाइम राखेर ल्याइनुपर्‍थ्यो यसबारेमा म सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु र यो विभिन्न कोणबाट विभिन्न ढङ्गले नेपाली महिलाहरू पीडित हुनु यो नागरिकताजस्तो संवेदनशील विषयमा पनि महिलाहरू माथि गरिएको भेदभाव यो राज्यले गर्ने कुरो एकदमै बेठिक भएको हामी महशुस गरिरहेका छौं र यस्ता कुराहरू यस्ता असमानताहरू तुरुन्त सच्याइयोस् भन्ने भनाइ राख्दै आफ्नो भनाइ टुङ्ग्याउँछु । हस्, धन्यवाद ।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय भगवती न्यौपाने । समय तीन मिनेट ।

<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>ः- नागरिकता विधेयक, २०७९ को विषयमा यहाँ छलफल गर्न लागिरहेका छौं । यो वास्तवमा जो नेपालमा जन्मिएका नेपाली नागरिकहरू अनागरिक भएर बाँचेका थिए । धेरै गुनासो गरिएका थिए तिनका पीडाहरू हामीले सुनेका थियौं । हरेक दिन हामीले फोन गरेका थिए उनीहरूले पेसा व्यवसाय गर्न पाएका थिएनन् । अध्ययन गर्न पाएका थिएनन् । उनीहरूलाई रोजगारको समस्या थियो । उनीहरूको हकमा लाखौं नेपालीहरू जो अनागरिक भएर बसेका थिए उनीहरूलाई नागरिकता प्रदान गर्ने राज्यको दायित्व थियो । उनीहरूको हकमा विधेयक जुन आएको त्यो जायज छ ।

तर यहाँ प्रसङ्ग उठ्यो जुन वैवाहिक अङ्गीकृतको विषयमा यो अहिले नेपाल तरङ्गित भएको छ । नेपाली जनताले धेरै प्रश्न गरेका छन् । आशङ्का व्यक्त गरेका छन् । वास्तवमा अरू देशका अभ्यासलाई पनि हामीले हेरेका छौं । अरू देशहरूले जुन एउटा प्रावधान राखेका छन् । अन्त देशका प्रचलनलाई समेत वेवास्ता गरेर जुन ढङ्गले यो यो एउटा समयसीमालाई हटाइएको छ । राज्य व्यवस्था समितिमा, प्रतिनिधि सभाको राज्य व्यवस्था समितिमा लामो समयसम्म छलफल गरेर जुन प्रावधान राखिएको थियो जुन

समयसीमा राखिएको थियो त्यो समयसीमालाई हटाइएर सरकारले एकदम जबरजस्त रूपमा जसरी ल्याएको छ त्यो अत्यन्तै आपतिजनक छ । हामीलाई थाहा छ सिक्किम भारतमा विलय हुँदाखेरि रातारात भएको थिएन त्यहाँ भारतमा सिक्किम अन्तिम पात्र लैन्डुप दोर्जे थिए । त्यो योजनाबद्ध थियो त्यसैले हामी सचेत छौं नेपाली नागरिक । यो कसको इन्ट्रेस्टमा आइरहेको छ भन्ने विषयमा म प्रश्न गर्न चाहन्छु र म राष्ट्रिय सभालाई माननीयज्यूहरूलाई प्रतिनिधि सभाबाट आएको यो प्रावधान जुन छ । यो हटाइएको समयसीमा हटाइएको जुन छ यसलाई चाहिँ हामीले सच्याऔँ हामी सच्याऔँ र खारेजयोग्य छ । म सम्पूर्ण माननीयज्यूहरूलाई समेत अनुरोध गर्न चाहन्छु ।

अर्को यो जुन नेपाली आमाका सन्तानहरूले यो क्यारे चाहिँ यो एउटा नागरिकताले प्राप्त गर्ने पितृत्वको पहिचान नभएकाहरूले प्राप्त गर्ने विषय जुन छ । यो स्वघोषणा गर्ने भन्ने प्रावधान यो जायज छैन । यो ठिक छैन किनभने सन्तानहरूलाई समेत एउटा प्रताडित त्यस्ता सन्तानहरूलाई चाहिँ यो एउटा नेपाली आमाको सन्तानहरूलाई प्रताडित बनाउने हिसाबले हिनताबोध बनाउने हिसाबले सोघोषणा भनेर जे राखिएको छ । त्यो घटाउनुपर्छ भनेर म सुझाव राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय इन्दिरा देवी गौतम । समय तीन मिनेट ।

**<u>माननीय श्री इन्दिर देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो नागरिकतासम्बन्धी विधेयक आएको छ । यो लामो प्रतिक्षापछि प्राप्त गरेका छौं हामीले धेरै नागरिकहरू हाम्रा नेपालमा जन्मिएका नेपाली बाबु आमाका छोराछोरीहरूले नागरिकता नपाएर धेरै कुराहरूबाट वञ्चित हुन परेका कुरा हामीले बारम्बार उठाउने गरेका थियौं । हामीलाई फोन पनि आउने गरेको थियो नागरिकता विधेयक अगाडि आउनुपर्ने थियो तर जुन तारिकाले यो नागरिकतासम्बन्धी विधेयक अगाडि ल्याइएको छ । यो एकदम सरासर गलत तरिकाले यो खास व्यक्ति अथवा खास एउटा राष्ट्रिप्रतिको इमान्दारिता तरिकाले आएकोजस्तो मलाई लागिरहेको छैन ।

यो विधेयकमा जुन महिला र पुरुषको बिचमा जुन खालको विभेद गरिएको छ त्यो पनि अत्यन्तै गलत तरिकाले गरिएको छ । यसमा जस्तो विवाह गरेर कुनै पनि पुरुषले

महिला विवाह गरेर ल्याउनेबित्तिकै उनले तुरुन्तै नागरिकता पाउने अनि महिलाले विदेशी पुरुषसँग विवाह गर्दा त्यस सम्बन्धमा विधेयक नबोल्नु यो अत्यन्तै महिलाप्रतिको गैरजिम्मेवारी अथवा संविधानले दिएका जुन अधिकार हुन त्यो अधिकारलाई अहिलेको यो नागरिकतासम्बन्धी विधेयकले कुन्ठित बनाएको मैले महशुस गरेको छु ।

अर्को कुराः जस्तो यो नेपाल हाम्रो देश छिमेकी ठुल्ठुला राष्ट्रका बिचमा छौं हामी घना जनसङ्ख्या भएका देशहरू छन् छिमेकीहरू । यसमा हाम्रो यो वैवाहिक सम्बन्ध ती दुई देशहरूसँग अथवा दक्षिणतिर अझ बढी हुने र त्यहाँका जनताहरू चाहिँ अब नेपालमा विवाह गरेर आउने र यताबाट पनि विवाह गरेर जाने जुन प्रचलन छ यताबाट विवाह गरेर गएका नेपाली चेलीहरूले चाहिँ वाहाँ गएर केही वर्ष पर्खिनुपर्ने तर यता विवाह गरेर ल्याउनेबितिकै चाहिँ नागरिकता जुन चाहिँ तुरुन्तै पाउने प्रावधान हामीले राखेका छौं । यो नागरिकतालाई यति सस्तो नबनाऊँ । अलिकति यसमा पनि केही मापदण्डहरू राखौं । केही समय प्रतिक्षा गर्ने वातावरण बनाऊँ कि नागरिकताको एउटा महत्त्व पनि हामीले झल्काऊँ र यतातिर चाहिँ हामी अलिकति संवेदनशील हौं । यो राष्ट्रियतासँग गासिएको विषय हो । यो नागरिकता यसरी खेलचेक्राइँ गर्ने विषय होइन । ठिकै छ विवाह गरेर आएर केही समय बसिसकेपछि नागरिकताबाट वञ्चित हामीले गर्नुहुँदैन एउटा मापदण्ड राखेर नागरिकता दिऊँ नेपालमा जन्मिएका बालबच्चाहरूले पनि आमा बुवा नागरिक नेपाली नागरिक भइसकेपछि उनीहरूले पनि नागरिकता प्राप्त गर्नुपर्छ तसर्थ यो नागरिकतालाई यति खुकुलो नबनाऊँ र महिला र पुरुषको बिचमा जुन नागरिकतासम्बन्धी विधेयकले विभेद गरेको छ । यो संविधानमाथिको कुठाराघात हो । संविधानमाथिको अपमान हो र सङ्गो महिलाहरूप्रतिको अपमान मैले महशुस गरेको छु । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपाल भट्टराई समय तीन मिनेट ।

**<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, हामी नेपाल नागरिकता ऐन संशोधन विधेयक, २०७९ माथि छलफलमा छौं । खास गरेर अहिले संशोधन भएर आएका विषयहरू खास गरेर जन्मसिद्ध नागरिकका छोराहरू छोरीहरूले नागरिकता प्राप्त नगरेरको सन्दर्भमा यो असाध्यै जटिल अवस्था थियो त्यो आयो त्यो चाहिँ

स्वागतयोग्य छ । तर यो नागरिकता विधेयक आइरहँदा संशोधन विधेयक पनि आएको थियो प्रतिनिधि सभामा । दफा ५ को अङ्गीकृत नागरिकता सम्बन्धमा आएको संशोधनलाई अहिले खारेज गरेर ल्याइएको छ । यो नाजायज छ, अनउपयुक्त छ । त्यसो भएको हुनाले यो व्यवस्था खास गरेर साते वर्ष भनिएको भए पनि सातलाई पाँच गर्न सकिदो हो चार गर्न सकिदो हो । यहाँ आउने बित्तिकै प्राप्त गर्ने गरी नागरिकता प्राप्त गर्ने गरी जुन प्रावधान छ । त्यो प्रावधानलाई संशोधन गरेर आउनुपऱ्थ्यो भन्ने मलाई लाग्छ ।

र हाम्रा नेपाली चेलीहरू विदेशीसित विवाह गरे भने उनीहरूले लामो समय कुर्नुपर्ने उनीहरू यहाँका नागरिक हुने हुन् ? नेपाली नागरिक रहिरहन्छन् । अथवा त्यहाँको देशले नागरिकता दिंदैन । उनीहरू अनागरिक भएर बस्नुपर्ने अवस्था सृजना भएको छ । तर विदेशबाट आउने महिलाहरू तत्काल नागरिकता प्राप्त गर्नु त्यो पनि प्रक्रिया सुरु गरे उता चाहिँ नागरिकता छोड्ने प्रक्रिया सुरु गरे मात्रै पनि हुने । यस्तो नाजायज प्रक्रियाबाट जुन नागरिकता दिन खोजिएको छ । यो नाजायज छ गलत छ भन्ने मलाई लाग्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुल प्रसाद विश्वकर्मा । समय तीन मिनेट ।

**<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो नागरिकताको विषयमा यहाँ जुन किसिमले यो आएको छ । यसमा कतिपय गम्भीर त्रुटिहरू चाहिँ रहेका छन् । पर्ववक्ता माननीयज्यूहरू करिब त्यो कुराहरू यहाँ उठाइसक्नुभो । पहिलो कुरा त यहाँ प्रक्रियागत रूपमा पनि केही त्रुटि रहेको छ । अर्को कुरा नागरिकता भन्ने कुरा यो देशको आवश्यकता र यहाँको नागरिकको आवश्यकतासँग जोडिएको कुरा हो त्यसका साथै यो नागरिकताको सवाल राष्ट्रियतासँग पनि जोडिन्छ । आज हाम्रो छिमेकी देश यति विशाल जनसङ्ख्या भएको देशको तीनतिरबाट चाहिने हामी घेरिएका छौं सारा सीमानाहरू चाहिने हाम्रो खुल्ला छन् । कुनै नियमन छैन । यस्तो अवस्थामा हामीले यस खालको चाहिने खुकुलो चाहिने नागरिकता नीति बनाउनु । यो देशको निम्ति घातक हुन्छ राष्ट्रको निम्ति घातक हुन्छ भन्ने म यहाँ निवेदन गर्न चाहन्छु । किन भन्दाखेरि आज हामी

यस खालको जुन विधेयक ल्याउँदै छौं । यो हामीले सोचेभन्दा अत्यन्त भिन्न आयो र अन्य देशहरूमा पनि विभिन्न चाहिने ऊहरूमा एउटा प्रावधानहरू राखिएका हुन्छन् ।

भर्खरै कुरा उठ्यो अङ्गीकृत नागरिकता वैवाहिक अङ्गीकृतको सात वर्ष चाहिने भारतमा नै सात वर्षको हुन्छ । नेपाली चेली त्यहाँ जाँदा सात वर्ष कुर्नुपर्ने त्यहाँबाट यहाँ आउँदा सिदुर एउटा हातमा एउटा हातमा चाहिँ नागरिकता थमाउनुपर्ने यो कसको इन्ट्रेस्टमा हामीले चाहिने यो ल्याउँदै छौं । सभामुख महोदय अध्यक्ष महोदय त्यसैले यस्तो खालको नगरौं हामीले चाहिने हाम्रा सम्ततिहरूमाथि उनीहरूको अधिकारमाथि कुठाराघात गर्ने काम नगरौं । हामीले चाहिने अन्जानमा अन्जानमा म भन्न चाहन्न यहाँ किनभन्दा यहाँ विशेष चाहिने इन्ट्रेस्टबाट आएको चाहिने बुझिन्छ किन भन्दाखेरि हामीले कसको निम्ति चाहिने यो नागरिकतालाई खोकुलो गर्दै छौं देशका संसारका चाहिने हरेक देशहरूको चाहिने नागरिकताहरू नागरिकता प्रावधानहरू कडा खालको हुन्छ । अन्य देशहरूको तुलनामा हाम्रो देश चाहिने अत्यन्तै सानो छ । तीनतिरबाट चाहिने विशाल जनसङ्ख्या भएको राष्ट्रले चाहिने घेरेको छ । सिमानाहरू रेगुलेट छैन । यस्तो ठाउँमा यसखालको खुकुलो नागरिकता बनाउनुको अर्थ जनसङ्ख्या अतिक्रमणलाई चाहिने निम्तो दिनुहुन्छ । त्यसैले यो यस खालको चाहिने प्रावधान हामीले राखिनुहुन्न र यसलाई पास गरिनु हुन्न भन्ने कुरा मैले निवेदन गर्न चाहन्छु ।

अर्को कुरा यहाँ वंशजको नागरिकता र अङ्गीकृत नागरिकताको सिमाना मेट्ने कोशिस चाहिने गरिएको छ । त्यस खालका प्रावधानहरू आएका छन् । वंशजको महत्त्व अलग छ । र अङ्गीकृत नागरिकताको महत्त्व अलग हो । त्यसैले यो कुरालाई पनि हामीले यहाँ उल्लेख गर्नुपर्छ र त्यसमा हामीले चाहिने कढाइसाथ ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय तुलसा कुमारी दाहाल । समय तीन मिनेट ।

***माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)ः***- सम्माननीय अध्यक्ष महोदय, नेपालको नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको सन्दर्भमा सैद्धान्तिक पक्षमा हामी छलफल गरिरहेका छौं र यसमा केही कुरा राख्न चाहन्छु । नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ साउन २२

गते प्रतिनिधि सभामा दर्ता भयो । राज्य व्यवस्था समितिले त्यस विधेयकलाई छलफल गरी ७७ असार ९ गते प्रतिनिधि सभामा प्रतिवेदनसहित पेस गरेको थियो । नेपाल सरकारले २०७९ असार २४ गते फिर्ता लिएर २५ असारमा पुनः सचिवालयमा दर्ता गर्ने काम गर्यो विधेयक किन दर्ता भयो र विधेयकमा के थपियो के हटेको छ । यो कुरो म बुझ्न चाहन्छु ।

नागरिकताको विषय देशको राष्ट्रियता स्वाधीनता, सर्वभौमिकता, भूगोल, सिमाना, भाषा, धर्म संस्कृतिसँग जोडिएको हुन्छ । विदेशबाट नेपालमा आई बसोबास गर्नेको हकमा केही बोलेको देखिँदैन उनीहरूले कति वर्ष नेपालमा बसोबास गरेपछि नागरिकता पाउने हो । यो विषय मौन रहेको छ । म सरकारलाई आग्रह र अनुरोध गर्न चाहन्छु । आज तपाईंहरूल सरकारमा हुनुहुन्छ भोलि अरू नै हुनेछन् । नागरिकता प्रदान गर्ने विषयमा गम्भीर हुनुपर्दछ । जो नेपाली हो । उनीहरूले नागरिकता पाउनुपर्दछ । नागरिकता नपाउँदा अप्ठ्यारोमा परेका शिक्षा रोजगारी पेस पउपाउ गरी जीवन धान्न कठिन भएका र नेपालमा जन्मिएका आफ्नै देशभित्र जन्मिएका नागरिकहरूलाई अनागरिक बनाउनुहुँदैन त्यो कुरो ठिक छ । नागरिकतामा देशको पहिचान र ऐतिहासिक स्वाधीनता र निष्ठा राजनीतिक अधिकारसहितको स्वतन्त्रता जोडिएको हुन्छ । क्षणिक स्वार्थ पूरा गर्दा भविष्यमा दीर्घकालीन रूपमा पछुताउने व्यवस्था नगरौं आवेगमा आएर गरिएका गलत निर्णय चाहिँ नगर्नको निम्ति म चाहिँ सुझाव राय दिन चाहन्छु ।

२०७५ साउन २२ दर्ता भएको नागरिकता ऐन, २०७३ सालमा संशोधनमा वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा केही वर्षको प्रावधान र केही वर्षको प्रावधान अथवा समय राखेको देखिँदैन । प्रतिनिधि सभामा तीन वर्ष विचाराधीन रह्यो र नागरिकता ऐन अहिले एक्कासी हतार हतारमा आएको छ । यसपछिका कारण के हो ? हामी बुझ्न चाहिन्छौं विदेशी बुहारीको हकमा प्रदान गर्ने अङ्गीकृत नागरिकतासम्बन्धी विषयको समयको प्रस्तावको गरेको देखिँदैन । यसको अर्थ के हो ? तुरुन्त दिने नै हो भन्ने बुझिन्छ जुन माननीयज्यूहरूले यहाँ उठाइसक्नुभएको नेपालको संविधानले छोरा र छोरीलाई समान हक प्रदान गरेको छ । तर कार्यान्वयनको पक्ष कमजोर र फितलो देखिएको छ । नागरिकता प्रदान गर्ने विषयमा नेपालभित्र भित्रिने जवाइँ र बुहारीको हकमा गम्भीर हुनुपर्दछ र नेपाली पुरुषसँग विवाह गर्ने महिलाको हकमा केही वर्ष राजनीतिक अधिकारबाहेक सामाजिक,

सांस्कृतिक शैक्षिक अधिकार दिने व्यवस्था गर्नुपर्दछ र कम्तीमा भारत बाराबार चाहिँ हामीले गर्नुपर्दछ अन्तर्राष्ट्रिय रूपमा के देखिन्छ भन्ने भारतमा सात वर्ष, बङ्गलादेशमा ५ वर्ष, भुटानमा सन्तान जन्मेपछि मात्रै आमालाई नागरिकता दिने व्यवस्था; जन्मेपछि पनि सन्तानले पाएपछि दिने व्यवस्था छ । माल्दिभ्समा १२ वर्ष प्रावधान राखिएको छ । यो विषयमा हामीले ख्याल गर्नुपर्ने हुन्छ । स्वघोषणा गर्ने गराउने विषय आमा र बच्चालाई दुवैलाई पीडा दिने विषय हो । त्यसले गर्दा यो स्वघोषणाको विषय नराखौं भन्न चाहन्छु । हस् त । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गंगा कुमारी बेलबासे । समय तीन मिनेट ।

**<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्षज्यू, नागरिकता विधेयक धेरै अगाडिदेखि हामीले माग गरिराखेका थियौं र त्यो त्यही रूपमा सदनमा आएको भए ठिकै हुन्थ्यो । त्यसमा फेरि संशोधन ल्याइयो पुरानो विधेयक फिर्ता गरियो र त्यसमा संशोधन ल्याइयो । राज्य व्यवस्था समितिमा दुई वर्षसम्म छलफलमा रहेर बुहमतले पास गरेको प्रतिवेदनसहितको नागरिकता विधेयक, सदनमा आउला भनेर हामीले आशा गरेका थियौं । त्यसमा धेरै संशोधन करेक्सनहरू भएको थियो । र त्यो बहुमतले पास पनि गरेको थियो र त्यसलाई अगाडि बढाउन अप्ठ्यारो भयो भने हामी सदनमा पनि बहुमतले पास गर्न सक्थ्यौं सदनमा छलफल गरेर बहुमतले पस गर्न सक्थ्यौं त्यसलाई फिर्ता गरेर नयाँ संशोधन ल्याइयो र संशोधनमा राष्ट्रिय स्वाधिन्ताको विषयलाई कमजोर हुने गरी । हामी दुई ढुङ्गाबिचको तरुलको रूपमा हामी रहेका छौं असाध्यै संवेदनशील हामी नेपालीहरूको हकमा नागरिकता भन्ने असाध्यै संवेदनशील छ । स्वाधिन्ताको विषय र यहाँको जनसङ्ख्यासँग बाहिरी जनसङ्ख्याले पर्ने प्रभावहरू पनि यहाँ रहेका छन् ।

त्यस्तो गर्दाखेरि वैवाहिक अङ्गीकृतको हकमा पुरुष र महिलालाई एउटै प्रावधान राखेर । सात वर्षको अवधि राख्नुपर्छ भन्ने मेरो जोडदार माग रहेको छ र यसरी गर्दाखेरि हामी अङ्गीकृत नागरिकता नेपाली चेलीले विदेशी पुरुषसँग बिहे गरेमा र नेपाली महिलाले विदेशी पुरुषसँग बिहे गरेमा पनि सात वर्षको प्रावधान राखियोस् भन्ने म माग गर्दछु । त्यसै

गरेर यो वंशजको कुरा गर्दाखेरि जसले बच्चा पाउँछ त्यो वंशज नहुने थितिमा हामी रहिराख्दाखेरि । यो महिला आन्दोलनको पक्षमा छैन । वंशज भनेपछि जसले बच्चा पाउँछ । त्यो वंशज हुनुपर्छ । हामीले भनिराखेका छौं विश्वासमा रहेको पुरुष ऊ वंशज हुने जसले नौ महिनासम्म कोखमा राखेर बच्चा पाउँछ । त्यो चाहिँ मान्यता नहुने प्रावधान सच्याइनुपर्छ । आमाको नामबाट नागरिकता पाउनुपर्छ र अपहेलित र अपमानित गर्न हुँदैन भन्ने कुरा राख्दै मेरो भनाइ अन्त्य गर्छु हस् त । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय तीन मिनेट ।

**<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः</u>**- सम्माननीय अध्यक्षज्यू, नागरिकताको विषयमा मैले पनि आफ्नो धारणा राख्न चाहन्छु । हाम्रो नेपालमा सन्तान जन्मेसी हाम्रो सन्तानले नागरिकता पाउन कति वर्ष कुर्नुपर्छ । १६ वर्ष कुर्नुपर्छ । १६ वर्षसम्म के हाम्रो सन्तानलाई नागरिकता चाहिएको छैन होला ? आमा कोभिडले मरिन बाऊ कोभिडले मर्यो बच्चा अलपत्र परेको छ संरक्षक अरूले लिएको छ । भोलि त्यो सम्पत्ति बच्चाको नाममा रहन्छ कि रहँदैन ? ग्यारेन्टी छ ? हाम्रो बच्चालाई नागरिकता अहिले पनि चाहिएको छ । तर पनि हामीले नेपालको कानुनलाई मानेर १६ वर्ष पर्खेका छौं भने अरू देशबाट आउने साथीहरूको हकमा त पर्खिनै नपर्ने । यो त नेपालको बच्चाहरूको पनि बच्चाहरूमाथि पनि अन्याय भयो । त्यति मात्रै होइन । हामीले छोरा छोरीको शिक्षामा समान अधिकारको कुरा गर्यौं छोरा छोरीले अंशको सम्मान अधिकारको कुरा गरेम् अब छोरा र बुहारीलाई सम्मान अधिकारको कुरा गर्ने कि नगर्ने ? हाम्रो छोराले चाहिँ विदेशी बुहारी ल्याओस् र हाम्रो छोरीले विदेशीसित नजाओस् ।

हाम्रो छोरीले विदेशीसित बिहा गरिहाल्यो भने पनि हाम्रा भन्जा भन्जीले आफ्नो बाउको नामबाट नागरिकता लिन नपाउन् यस्तो पनि हामीले कानुनहरू बनाउन विधेयकहरू पास गर्न मिल्छ र ? हामी नेपाली भएको हिसाबले यस्तो काम गर्न मिल्छ भन्ने मलाई लाग्दैन र छोरा र छोरीमा विभेद र बुहारी र ज्वाइँमा पनि विभेद यो खालको कुरा हामीले बुहारीलाई समान गर्ने भित्र्याउने ज्वाइँलाई चाहिँ हामीले हेला गर्ने कुरा यस्तो पनि हुन सक्दैन । त्यसो भएको हुनाले चाहे छोराले ल्याउन्, चाहे छोरीले ल्याउन् नेपालमा जन्मिँदा

उनका सन्तानले बाउ आमाको नामबाट नागरिकता पाउने कुरा र उनीहरूले नेपालको भाषा, धर्म, रहनसहन बुझ्दाखेरि नेपालीपन उनीहरूमा आउँदाखेरिमा उनीहरूले नागरिकता पाउने कुरालाई हामीले समय पाँच वर्षा या सात वर्ष ग्याप राखेर नागरिकता दियो भने कसैलाई पनि अन्याय हुँदैन होला भन्ने लाग्छ ।

र जन्मसिद्ध जुन अलपत्र बनेको नेपालमा जन्मिएको बच्चाहरूले नागरिकता पाउने कुरा त हामी हिजो पनि कुरा गर्या थियौं आज पनि कुरा गर्छौं यहाँ भएको बाउको पहिचान नभएका यहाँ जन्मिएको बच्चाले नागरिकता पाउने कुरा चाहिँ स्वगातयोग्य छ र हाम्रो महिलालाई यो विषय महिलाको मात्रै विषय होइन सम्माननीय हाम्रो माननीयज्यूहरू सबैको नेपाली भएको हिसाबले नेपालीको विषय हो र नेपाल र नेपालीको लागि नेपाल राष्ट्रको निम्ति हामीले सबै कुरा बलिदान गरेर पनि हामीले नेपालको सर्वोत्तम हितमा हुने कुरालाई हामीले छोड्नुहुँदैन । त्यसो भएको हुनाले यो अन्यायपूर्ण महिलाहरूको बिचमा विभेदकारी जुन विभेद आयो यसलाई फिर्ता पठाइनुपर्छ र हामी यो विषयमा सबै जना सर्वसम्मत हुनुपर्छ ।.....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा । समय तीन मिनेट ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपालको नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथिको विचार गरियोस्" भन्ने छलफलमा हामी जुटेका छौं । यो छलफलमा जुट्दै गर्दा यो सरकारले नीति तथा कार्यक्रममा नागरिकताको समस्यालाई समाधान गर्छु भन्ने प्रतिबद्धता जाहेर गरेको थियो त्यहीं प्रतिबद्धताअनुसार यो विधेयक आएको छ । बहुप्रतिक्षित विधेयक आएको छ । थुप्रै नेपालीहरू नागरिकताविहिन भएर अवसरबाट वञ्चित रहिरहेको बेलामा यो नागरिकता विधेयक आउनु अत्यन्तै स्वागतयोग्य छ । छलफलका माध्यमबाट हामीले यो विधेयकलाई समृद्ध बनाउँछौं र नेपालको संविधानले प्रदान गरेको मौलिक हकसँग जोडिएका नागरिकता हकहरू यस नागरिकता विधेयकबाट प्राप्त गर्ने छन् भन्ने मलाई विश्वास लागेको छ ।

सम्माननीय अध्यक्षज्यू, नागरिकता विधेयक आइराख्दाखेरि समानताको दृष्टिकोणबाट हेर्ने बेला पितृत्वको ठेगान नलाग्नेलाई आमाको नामबाट नागरिकता दिने कुराहरूमा स्वघोषणा गर्नुपर्ने तर बाबुको नामबाट नागरिकता दिनेबेला बाबुले स्वघोषणा नगर्नुपर्ने यो समानता छैन । त्यसै गरी छोराले ल्याउने र छोरीले ल्याउनेलाई पनि सम्मानताका कुराहरू भइदियो भने अझ राम्रो हुन्थ्यो भन्ने भावनाका साथ आफ्नो आफ्नो यो नागरिकता विधेयक छिटोभन्दा छिटो संसदबाट पास भएर सबै नागरिकहरूले नागरिकता प्राप्त गरुन् भन्ने अभिमतका साथ आफ्नो भनाइ यहीँ अन्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जयन्ती देवी राई । समय तीन मिनेट ।

**<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो नागरिकता, २०७९ को सन्दर्भमा धेरै माननीयज्यूहरूले कुरा गरिसक्नुभएको छ यहाँ । पहिलो कुरो त जुन वर्षौंदेखि नागरिकविहीन भएर बसेका नागरिकहरूको लागि प्राप्त गऱ्यो र आमाको नामबाट पाउने व्यवस्थाका साथ आयो । यो । कुरा एकदमै राम्रो छ । यो धेरै अगाडि आउनुपर्ने हो । यसलाई म स्वागत गर्न चाहन्छु । र अर्को कुरो यहाँ माननीय मन्त्रीज्यू हुनुहुन्छ । सरकारले एकदमै गम्भीर त्रुटि यहाँ गर्या छ कि यो अत्यन्तै हाम्रा नेताहरू नै म भन्छु । वाहाँहरू पितृसत्ताको पनि एकदमै चरण नाघेर चाहिँ यो निर्णय गर्नुभो' । जहाँ एक त सरकारले प्रक्रियामा त्रुटि भ'को कुरा अगि नै यहाँ भनिसक्नुभएको छ । जहाँ बहुमत समितिले निर्णय गरेर संसदमा लगोस् संसदबाट चाहिँ फिर्ता गर्यो फिर्ता गरेर यो ढङ्गले एकदमै जालसाँझीपूर्ण यसमा पनि कसको लागि भन्दा आफ्नै नागरिक आफ्नै छोरीहरूको लागि यस्तो खालको जुन विधेयक ल्याउनुभो' यो सरासर एकदमै धेरै यो न्याय सङ्गत छैन र यो चाहिँ अब डिस्क्रिमिनेसन विभेद पनि यो चरण छ ।

त्यसो भ'को कारणले यहाँ यो जुन वैवाहिक यो वैदेशिक अङ्गीकृत नागरिकको हकमा जुन प्रावधान समितिले राखेको थियो । त्यो अत्यन्तै जायज छ । र त्यसको आधारमा हुनुपर्दछ । किनभने छोरीहरू चाहिँ आज मरोस् बाँचोस् नागरिक बनुन् नबनुन् आज छोराहरूको परिवारलाई मात्र सुरक्षित गर्ने कुरा यो जयाज हुन्छ ? एउटा सन्तानको एउटा अभिभावकले त्यहाँ छोरीहरूले चाहिँ विदेशमा बिहा गरेर जाँदा चाहिँ उनीहरूले बाह्र वर्ष पछि

पाउन कि, अथवा बच्चा जन्माएपछि मात्रै पाउने कि नपाउन कि कुनै मतलब छैन । तर आज छोराको एउटा भविष्यको लागि एउटा बुहारी ल्याउनेबित्तिकै आज ल्याउनबित्तिकै भोलिपल्ट नागरिक दिइहाल्ने कुरा चाहिँ यो न्याय सङ्गत हुन्छ । त्यसकारणले यो तुरुन्तै फिर्ता गरिनुपर्छ र आज खतरा किन छोराभन्दा छोरी हँ ? एउटा परिवारमा हेर्नुस् न त्यो परिवार लथालिङ्ग भो' भने कसलाई चिन्ता हुन्छ । छोरालाई हुन्छ कि छोरीलाई हुन्छ ? त्यसकारणले राष्ट्रियताको सवालमा पनि आज महिलाहरू हरेक आन्दोलनमा गम्भीर छन् । छोरीहरू गम्भीर छन् । त्यस भ'को कारणले यो गल्तीलाई सच्याउनुपर्छ भन्दै मेरो आफ्नो कुरा टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जितेन्द्र नारायण देव । समय तीन मिनेट ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिला यो नेपालीको अन्तरिम संविधान, २०६३ र नेपाल नागरिकता ऐन, २०६३ यो नेपालका मुख्य राजनीतिक पार्टीहरूको बिचको राष्ट्रिय सहिमतिको दस्तावेज हो र यो दस्तावेज क्रान्तिको दस्तावेज हो । परिवर्तनको दस्तावेज हो । यो कुरालाई सबभन्दा पहिला म जोड दिँदै त्यो अन्तरिम संविधानमा रहेका नागरिकतासम्बन्धी व्यवस्थालाई जस्ताको त्यस्तै हामीले नयाँ संविधानमा राख्यौं र थप कुरा के राख्यौं भन्दाखेरि एनआरएनसम्बन्धी नागरिकताको व्यवस्था थप राख्यौं र जन्मसिद्धका सन्तानहरूको बारेमा थप कुरा राख्यौं यसरी यी मुख्य रूपमा दुइटा कुरा थपेर अन्तरिम संविधानमा नागरिकतासम्बन्धी रहको व्यवस्था र ६३ मा ६३ को नागरिकता ऐनमा रहेको व्यवस्थालाई हामीले नयाँ संविधानमा संशलेषित गरेका छौं र नयाँ संविधानमा त्यसरी हामीले समावेश गरेका छौं । र अहिले जे संशोधन विधेयक आ'को छ । मेरो भनाइ के छ भने ।

सम्माननीय अध्यक्ष महोदय, अहिलेको संविधानको कम्प्लिट्ली लेटर एन्ड स्प्रिटमा अक्षर र भावनामा अहिलेको विधेयक आ'को छ । म यसको लागि म नेपाल सरकारलाई माननीय गृहमन्त्रीजीलाई वाहाँले गर्नुभ'को प्रयत्नलाई म धन्यवाद दिन चाहन्छु । तर म धन्यवाद विशेष रूपमा आजको यो बैठकमा सम्माननीय अध्यक्ष महोदय, म नेकपा माओवादी केन्द्रको अध्यक्ष कम्रेड प्रचण्डलाई र एकीकृत समाजवादीका अध्यक्ष कम्रेड माधव कुमार

नेपाललाई म विशेष रूपमा नेपाली काँग्रेसको तर्फबाट म धन्यवाद दिन चाहन्छु । कि नेकपाको कालमा नेकपा कालमा, भएको ऐतिहासिक गल्ती असंवैधानिक निर्णयलाई अहिले करेक्सन भ'को र यो करेक्सन गर्ने कामको अभियान पहलकदमी त्यसको नेतृत्व कम्रेड प्रचण्डले माधव कुमार नेपालले र नेपाली काँग्रेसले संयुक्त रूपमा लिएको छ । यो त्यो गल्तीलाई आज करेक्सन भ'को छ ।

यो कुराभन्दै म के भन्न चाहन्छु भने यदि वैवाहिक अङ्गीकृतको सन्दर्भमा कुनै बहस छ भने मेरो यो चुनौती छ । यो गरिमामय सदनमा सम्माननीय अध्यक्ष महोदय कि अहिलेको संविधानमा परिवर्तन नगरेसम्म संविधानमा संशोधन नगरुन्जेलसम्म वैवाहिक अङ्गीकृतको सन्दर्भमा कुनै पनि कानुन बनाउन सकिँदैन । किनभने संविधानमा प्रष्टै लेखिएको कि विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेर आइसकेपछि उसले चाहेमा प्रक्रिया पु-याएर नागरिकता दिने संविधानले प्रक्रिया पु-याएर नागरिकता दिने भनेर भनिराखेको छ । तपाईंलाई कसले अधिकार दियो कानुन बनाउने कि सात वर्ष, पाँच वर्ष दुई वर्ष, एक वर्ष, त्यो र टोटल अल्टर अल्ट्राभाहरस हुन्छ । संविधानको विरुद्धमा कानुन बन्न सक्दैन । मेरो जिकिर यही छ । संविधानको विरुद्धमा कानुन बन्न सक्दैन । यदि त्यसमा कुनै रिथिङ्किङ गर्ने हो भने यदि रिथिङ्किङ गर्ने हो भने संविधानको त्यो धारालाई ल्याउनुपर्छ बहसमा परिवर्तन गर्ने हो । नगर्ने हो बहस गर्ने हो नयाँ ढङ्गले बहस गर्ने हो । त्यसकारण सात वर्षे .....(समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सुरेश कुमार आले मगर । समय तीन मिनेट ।

<u>**माननीय श्री सुरेश कुमार आले मगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>ः- सम्माननीय अध्यक्ष महोदय, जुन आएको छ । त्यो सराहनीय सहज योग्य छ । त्यसमा कतिपय कुराहरू एतिहासिक माइलस्टोनको रूपमा रहेका छन् । जस्तै यौनिक अल्पसङ्ख्यकहरूलाई नागरिकता दिने कुरा एनआरएनहरूलाई नागरिकता दिने कुरा । त्यसै गरी आमाको नाममा नागरिकता दिने कुरा यी महत्त्वपूर्ण छन् । निश्चित रूपमा चाहिँ सराहनीय पनि छन् । तर केही कुराहरू त्यसमा चाहिँ जो छन् । ती चाहिँ त्योबारेमा पनि पुनर्विचार गर्नुपर्छ भन्ने मलाई पनि लाग्दछ । जसरी थुप्रै माननीयज्यूहरूले यहाँ कुरा

राख्नुभएको छ । जस्तै अब नेपाली पुरुषसँग विवाह गरेर आउने महिलाको सन्दर्भमा मलाई पनि के लाग्छ भन्दाखेरि जुन प्रकारले यो प्रावधान आयो त्यो अलिकति मिलेको छैन । त्यसलाई मिलाउनुपर्दछ । किनभने देशको राष्ट्रियता कुरा हुन्छ । थुप्रै कुराहरू हुन्छ । यहाँ संविधानको  कुराहरू पनि आए । यदि त्यस्तो हो भने संविधानबारे छलफल गर्ने हदसम्म पनि हामी जानुपर्दछ भन्ने मलाई लाग्दछ ।

त्यसै गरी अर्को एउटा (**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मोबाइल बन्द गर्नुस् । मोबाइल साइलेन्ट राखू माननीयज्यू) ..... भयो भन्ने मलाई पनि लाग्छ । नेपाली पुरुषले विदेशी महिला बिहा गरेको सम्बन्धमा त एउटा प्रावधान अथवा एउटा कानुन हामी बनाउँदै छौं । तर नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेको सम्बन्धमा खै त यो त छैन । त्यसैले नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरेको सम्बन्धमा पनि उसले चाहेमा नेपाल बसोबास गरेर उसले चाहेमा त्यस पुरुषले नेपाली महिला विवाह गर्ने पुरुषले चाहेमा उसलाई पनि नागरिकता दिने अङ्गीकृत नागरिकता दिने एउटा प्रावधान हुनुपर्दछ । भलै त्यो अलिक बढी समयको होला राख्नुपर्ला तर जे होस् त्यस्तो व्यवस्था हुनुपर्दछ भन्ने मलाई लाग्दछ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय रामचन्द्र राई । समय तीन मिनेट ।

**<u>माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- अध्यक्षज्यू, तराईमा रहेका दलित, मुसहर, डुम, चमार जसको एक खुट्टा टेक्ने जमिन पनि थिएन र उनले त्यो भएर नागरिकता लिन पा'का थिएनन् । ती मान्छेले यो विधेयक आएपछि तिनीले नागरिकता पाउनुभएको छ । यो राम्रो पक्ष भा'को । त्यस्तै गरी बाबु र आमा दुवै जना नागरिक छन् । अनि छोरा छोरी गैरनागरिक भ'का छन् । तिनले पनि यो विधेयक आइसकेपछि यो कानुन यो ऐन आइसकेपछि तिनले पनि नागरिकता पाउने भ'को छन् । त्यो पनि राम्रो भ'को छ तर तर हाम्रा मुलुकको दुवैतिर उत्तर र दक्षिण दुवैतिर विशाल जनसङ्ख्या भएका दुई मुलुकहरू छन् । हामीले नागरिकतासम्बन्धी व्यवस्था गर्दा यदि फितलो ढङ्गले बनाउने हो भने पेरुमा जापनिज नागरिक फुजिमरी फिजीमा भारतीय नागरिक महेन्द्र चौधरीले त्यसै गरी त्यहाँको नेतृत्वमा पुग्न सफल भए । त्यसै गरी हाम्रो नेपालमा पनि केही समयअगाडि हाम्रो

नेपालका नेताहरू भारत भ्रमण गएपछि हाम्रो नागरिकतासम्बन्धी यो वैवाहिक नागरिकता तीन ढङ्गले फितलो भएर आयो । अब के त्यसै गरी हाम्रो नेतृत्वले नभएर अर्को मुलुकको नेतृत्व आयत गर्नको लागि यो वैवाहिक नागरिकतालाई यति फितलो बनाउन खोजेको हो । मलाई संराय छ । नेताहरू जानुभो' केके गरेर आउनुभो' मलाई थाहा छैन । यो संराय मात्र स्वामित्व होस् ।

भोलि यो नागरिकतासम्बन्धी यसरी जसरी फितलो जुन कानुन बनाइयो बनाइदै छ । यो फितलो नागरिकता कानुनले हामी नेपालमा नै अल्प सङ्ख्या हुनुपर्ने र हामीलाई शासन गर्ने चाहिँ मुलुकका छिमेकी मुलुकका अर्का मान्छे अर्का मान्छेले शासन गर्ने स्थिति भयो भने त्यो दुर्भाग्यपूर्ण हुन्छ । खुसी लागेको छ । यो नागरिकता विधेयक अलि अगाडि नै आउनुपऱ्थ्यो । यसमा पहिलै पनि अध्यादेशबाट पनि यो विधेयक आएकै थियो त्यो बेला फ्यालियो त्यतिखेर सात वर्ष चाहिन्छ भन्ने नेतृत्वमै रहेका नेताहरू पनि अहिले चाहिँदैन भनेर जुन ढङ्गले यो वैवाहिक नागरिकताको फितलो व्यवस्था गर्न गरी मञ्जुर हुनुभो' यसले संशय निश्चय नै पैदा भ'को छ । मेरो यो संशय मात्रै सिमित रहोस् नागरिकता विधेयक आ'को राम्रो छ वैवाहिक नागरिकता भने सुधार गर्न पर्छ यो सात वर्ष वा पाँच वर्ष एउटा निश्चित समय अवधि राखिएको हुनुपर्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय डा. बेदुराम भुसाल । समय तीन मिनेट ।

**<u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, संविधानले नागरिकता प्रदान गर्नका निम्ति व्यवस्था गरिएका नेपाली बाबु आमाका सन्तानलाई पनि कानुन नबनेको कारणले नागरिकता प्राप्त गर्नबाट वञ्चित हुनुपरेको थियो । त्यस्तो अवस्थामा कम से कम पनि संविधानले स्पष्ट रूपमा तोकेका नागरिकहरूले नागरिकता प्राप्त गर्न सक्ने गरी जुन विधेयक ल्याइएको छ । यो सकारात्मक छ । यसमा आएका जति पनि प्रावधानहरू छन् ती हाम्रो संविधानसँग अनुकूलका नै छन् । त्यस हिसाबले म सकारात्मक रूपले नै हेर्दछु । तर एउटा विषय वैवाहिक अङ्गीकृत नागरिकताका सम्बन्धमा हाम्रो बिचमा जुन बहस विवाद छ । त्यसलाई पनि टुङ्ग्याएर जान सक्नुपाएको भए धेरै राम्रो हुन्थ्यो यो विषय आगामी दिनमा हामीले

टुङ्ग्याउने गरी जानुपर्छ । यो अङ्गीकृत वैवाहिक, वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्ने सन्दर्भमा संविधानले भनेको प्रक्रिया पूरा गर्ने भनेको के हो ? त्यो प्रक्रिया त कानुनले नै तोक्ने हो । त्यसो भएको हुनाले त्यो प्रक्रिया पनि तोकेर जाने हिसाबले फेरि पनि यो विधेयकमा यो ऐनमा सुधार हुनुपर्छ नै त्यसको आवश्यकता छ ।

अहिले विवादमा रहेको विषयलाई अगाडि नबढाम् जेमा हाम्रो सहमति छ यो सहमतिका विषयहरूलाई मात्रै भए पनि अगाडि बढाएर कम से कम पनि संविधानअनुसार स्पष्टतः उल्लेख गरिएका नागरिकहरूले नागरिकता पाउन सकुन् भन्ने हिसाबले जाऔं भन्ने समझदारीका साथ यो जुन विधेयक ल्याइएको छ । यसलाई म फेरि पनि यो सकारात्मक छ र यसलाई अगाडि बढाएर जाऔँ र आउने दिनमा यहाँ माननीय मन्त्रीज्यू उपस्थित हुनुहुन्छ । म के अनुरोध गर्न चाहन्छु भने हाम्रा बिचमा जुन विवादको विषय छ । वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्ने सन्दर्भमा त्यसलाई चाहिँ आगामी दिनमा हामीले स्पष्ट पारेर जान्छौं भन्ने प्रतिबद्धताका साथ यो विधेयकलाई अगाडि बढाउन उपयुक्त हुन्छ त्यसरी नै जाऔँ भन्ने अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय मदन कुमारी शाह (गरिमा) । सयम तीन मिनेट ।

**माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी नागरिकताको विषयमा छलफल गरिरहँदा म के अनुरोध गर्न चाहन्छु भने हामी सबैलाई थाहा छ अमेरिकाजस्तो विशाल देशले नागरिकताको प्रावधानलाई कसरी कसेको छ । हामीलाई अनुभव छ थुप्रै हाम्रा नेपाली दाजुभाई दिदी बहिनीहरू लामो समयदेखि अमेरिकामा बसोबास गरिराखुभएको छ र त्यहाँको नागरिकताको लागि कानुनी लडाइँ लडिरहनुभएको छ । पन्ध्र सोह्र वर्षदेखि लडिरहनुभ'को छ मलाई थाहा छ ती कुराहरू कतिपयलाई म चिन्दछु पनि ।

हामी जनसङ्ख्या र भूगोलमा सानो छौं । हाम्रा दुईतिर ठुला ठुला छिमेकी मुलुकहरू छन् । जो शक्ति राष्ट्रको रूपमा उदयमान छन् । त्यस्ता राष्ट्रहरूको छिमेकमा रहेर हामीले यदि हाम्रो नागरिकता प्रावधानलाई खुकुलो बनाउने हो भने भोलि दुःखका साथ भन्नुपर्छ हामी नेपाली रहन सक्दैनौं । हामीलाई विदेशीहरूबाट शासन गर्ने छन् । र हामी आफ्नो

जमिनमा आफ्नो देशमा आफ्नो राष्ट्रभित्र विदेशीहरूबाट शासित हुन बाध्य हुने छौं गुलाम हुने छौं । तसर्थ यो हाम्रो कर्तव्य बन्न जान्छ कि हामीले भावी पिँढीलाई कस्तो नेपाल दिने आफूले आफूमाथि शासन गर्ने नेपाल दिने कि विदेशीले शासन गर्ने नेपाल छोडेर जाने यो निर्णय हामीले गर्नुपर्ने हुन्छ । त्यसकारणले यसमा संवेदनशील हुन आवश्क छ भन्ने मलाई लाग्दछ । हो हामी चाहन्छौं कि कोही पनि नेपाली नागरिक अनागरिक भएर बाँच्न नपरोस् कसैले पनि नागरिकता नभएर शिक्षाबाट रोजगारबाट र अन्य विकास वृत्तिबाट ऊ वञ्चित हुन नपरोस् हामी यसमा संवेदनशील हुन पर्छ र हामी संवेदनशील छौं । तर जसरी अहिले छिमेकीहरूको इन्ट्रेस्टमा यो नागरिकता विधेयक ल्याइएको छ । यसलाई यसै गरी स्वीकार गरेर एकपछि एक, एकपछि एक, स्वीकार गर्दै जाने हो भने यो हाम्रो लागि सुखद हुने छैन । भन्ने कुरा चाहिँ म गर्न चाहन्छु ।

गुलामी बनाउने धेरै तरिका हुन्छन् । आर्थिक तरिकाहरू हन्छन् । सांस्कृतिक अतिक्रमण हुन्छन् । सांस्कृतिक अतिक्रमण; भाषिक अतिक्रमणका कुराहरू हुन्छन् र यो अहिले सङ्ख्या अतिक्रमणबाट चाहिने नेपाललाई गुलाम बनाउने प्रयत्न भइरहेको छ । यसबाट सचेत हुन आवश्यक छ र समानताको सिद्धान्त नारिकता वितरण गर्दा समानताको सिद्धान्त लागु हुनुपर्छ र अहिले जुन विधेयक आएको छ । यो समानताको आधारमा छैन भन्ने कुरा म राख्न चाहन्छु र म माननीय मान्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । साच्चै हामी नेपाली हौं भने नेपाली भएर सोच्चौं र त्यसअनुसार अगाडि बढौं भन्ने अनुरोध गर्छु धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपी बहादुर सार्की आछामी । समय तीन मिनेट ।

**<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको तर्फबाट ल्याएको नागरिकता विधेयक, २०७९ अहिले हामी यसको सैद्धान्तिक विषयमा छलफल गरिराखेका छौं । मुख्यतः म यो विधेयकलाई हार्दिक स्वागत पनि गर्न चाहन्छु । यो लामो समयदेखि बहस छलफलमा रहेको तर नटुङ्गिएर नेपालका हिजो जन्मसिद्धको आधारमा नागरिकता पाएका करिब छ; सात लाख छोराछोरीहरू चाहिँ नागरिकताविहीन भएर बसिराखेको र एउटा पीडादायीजस्तो स्थिति

थियो । त्यसको चाहिँ समाधान गर्नको निम्ति नेपाल सरकारले अहिले पहल कदमी लिएको छ यो असाध्यै सहरानीय कुरा हो भन्ने म राख्न चाहन्छु ।

अर्को कुरा एक दुइटा कुरा चाहिँ करेक्सन गर्नुपर्छ भन्ने मेरो सुझाव म राख्न चाहन्छु । एउटा कुरा चाहिँ वैवाहिक अङ्गीकृत नागरिकताको विषय बिहे गर्ने बित्तिकै दिने भन्ने जुन प्रावधान छ । हिजोको चाहिँ नागरिकता ऐनमा जुन प्रावधान थियो सात वर्ष र राज्य व्यवस्था समितिमा छलफलको विषय पनि बनेको र त्यो सुझावको रूपमा पनि आएको विषय थियो त्यसलाई हामीले एउटा टाइमलाइन चाहिँ चाहिन्छ जस्तो मलाई लाग्छ यो सुझावको रूपमा ।

अर्को अब छोराले, नेपाली छोरीले बिहे गरेको चाहिँ छोरा विदेशी छ भने त्यसलाई पनि हामीले चाहिँ कुनै एउटा प्रावधान राखेर चाहिँ नागरिकता दिने । के एउटा समय सीमा तोकेर चाहिँ नागरिकता दिन व्यवस्था आवश्यक हुन्छ भन्ने मलाई लाग्दछ र अरू बाँकी माननीयज्यूले जसरी विषयहरू राख्नुभ'को छ यो महिलाले चाहिँ महिलाको नाममा दिने नागरिकता आमाको नाम दिने नागरिकताको विषयमा जुन स्वघोषणा भन्ने छ श्रीमान् नभएको बुबा नभएको स्वघोषणा भन्ने विषय जो आएको छ । यो चाहिँ महिलाहरूलाई चाहिँ अपमान गर्नेजस्तो चाहिँ विषय हो । यसलाई पनि हामीले चाहिँ करेक्सन गरेर जानुपर्छ भन्ने लाग्दछ र । मैले यही सुझाव राख्छु हस् त । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय नर बहादुर विष्ट । समय तीन मिनेट ।

<u>**माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, यो नागरिकता ऐन, २०६३ संशोधन गरेर २०७९ जो आएको छ । यो सरकारले ल्याएको छ । म सरकारलाई विशेष धन्यवाद दिन चाहन्छु । अनागरिक भएर पीडामा बसिरहेका नागरिकहरूले नागरिकता सहज पाउने आज बिहान म मेरो कोठामा बसिरहेको थिएँ । तीन जना तीन ठाउँबाट फोन आयो मधेसको जिल्लाबाट तपाईं राष्ट्रिय सभाको माननीय कहिले पास हुन्छ नागरिकता भनेर कहिले नागरिकता विधेयक पास गर्नुहुन्छ ? भनेर मलाई सोधे मैले आउँदै छ । छिट्टै पेस गर्दै छ पाउनुहुन्छ भने को हो ? भन्दाखेरि अनागरिक भनेर बोल्यो सायद नेपालीमा जन्मिएर नेपालीहरूले अनागरिक भन्ने जुन

खालको मौका दियौं यो पीडादायी विषय हो । त्यसैले समग्र रूपमा यो राष्ट्रिय सहमितको आधारमा नागरिकता भनेपछि एउटा राष्ट्र सहमतिको आधार हुनुपर्ने थियो । यद्यापि नभएको भन्ने होइन ।

कतिपय हाम्रा पनि विमति छन् र यसलाई नेपाली जनताको पक्षमा छ र हामीले केही यहाँ प्रावधानहरू सात वर्षको ठाउँमा तीन वर्ष गरौं पाँच वर्ष गरौं त्यो पनि संशोधन हुन सक्छ । प्रस्ताव राखौं र अर्कोतिर यहाँ ऐनबमोजिम अङ्गीकृत वैवाहिक, अङ्गीकृत नागरिकताको सम्बन्धमा हुने भएमा निजले वंशको आधारमा प्राप्त गरेको नागरिकता खिची निजालाई; खिची भन्ने जो छ । यहाँ कम्तीमा वंशजको आधारमा प्राप्त गरेको नागरिकता परित्याग गरेको ६ महिना अथवा कति महिना परित्याग गरेको प्रतिलिपीसहित पेस गर्ने गरीकन गर्दाखेरि ठिक होला कि जस्तो लाग्छ मलाई मेरो सुझाव यहाँ पाउने भन्ने छ । उसले पाएको नागरिकता उसले अस्वीकृति अथवा त्यसलाई खारेजी भएको प्रतिलिपीसहित आउँदै राम्रो होला जस्तो लाग्छ र हामी राष्ट्र सहमतिकै आधारमा यो नागरिकता विधेयकलाई नेपाली जनतालाई जुन नागरिक अनागरिक छन् । ती नागरिक बनाउने जुन खालको अहिले सरकारले जुन व्यवस्था ल्याएको म विशेष धन्यवाद दिँदै केही यहाँ प्रावधानहरूलाई संशोधन गर्नुपर्ने छ । ती हाम्रा सत्तापक्षका पनि विपक्षका पनि हाम्रा असहमति हुन सक्छन् तर त्यसलाई साझा नेपालीहरूको नेपालको हितको लागि राष्ट्रियता जनजीविकाको लागि र नेपालको पक्षमा यसलाई हामीले यसका प्रावधानहरू के गरेर संशोधन गर्न सकिन्छ भन्ने सहमतिको आधारमा गरौं भन्ने कुरा राख्दै । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय गोमा देवी तिमल्सिना । समय तीन मिनेट ।

**<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- माननीय अध्यक्षज्यू, आज हामी नागरिक विधेयकको बारेमा पहिलो संशोधनको बारेमा हामी छलफल गरिराखेका छौं यो नागरिक विधेयकको बारेमा छलफल गरिरहँदाखेरि धेरै जना माननीयज्यूहरूले उठाउनुभयो । सकारात्मक कुराको समर्थन गर्दै जो नेपालमा जन्मिए बाबु आमा दुइटै नागरिक छन् । नेपाली नागरिक र उनीहरूबाट जन्मिएका छोरा छोरीहरू अनागरिक छन् । उनीहरूलाई नागरिकता दिने कुराहरू यी कतिपय कुराहरू सकारात्मक

हिजै गरिनुपर्ने कुराहरू थियो र ढिलै भए पनि आ'को छ । यी कुराहरूलाई समर्थन गर्दै यो अहिले जुन आइराखेको विधायनमा यो वैवाहिक अङ्गीकृतको बारेमा धेरै छलफल भइराखेको छ धेरै यो हुन हुँदैन भन्ने कुराहरू हुँदाखेरि म पनि यो बारेमा हुनुहुँदैन भन्ने पक्षमा छु । किनभने तराई र भारत त्यहाँ हाम्रो भिसा लाउनुपर्दैन सधै वैवाहिक सम्बन्ध उता वाहाँले यता पनि वैवाहिक सम्बन्ध यता पहाडी मुलुकतिर पनि गर्न जोड्न खोजे हुन्छ नि वाहाँहरू किन विदेशतिर लम्किन पार्यो वाहाहरू यता आउनुपर्यो नेपाली मुलमा आउनुपर्यो वाहाँहरू उता जाने अनि आकै सिन्दुर लाकै भोलिबाट नागरिकता पाउँदाखेरि त्यहाँबाट काकाको छोरो, मामाको छोरो फुपुको छोरो फुपु सबै ल्याउने र वाहाँहरूलाई नागरिकता दिनलाई हरात हरात टीका लाउने यो भोटको राजनीति गरेर हुँदैन । हामी नेपाल रह्यो भने हामी नेपाली रहन्छौं नेपाल रहेन भने हामी नेपाली रहँदैनम् हामी राजनीति पनि हुँदैन । हामी नेता पनि हुँदैनौं । त्यसो भ'को हुनाले सबै माननीयज्यूहरू मन्त्रीज्यूहरूलाई म यो अनुरोध चाहन्छु । यसले गर्यो । उसले गर्यो । यसले विरोध गर्यो । उसले समर्थन गर्यो होइन । यो नेपाली हो राष्ट्र बचाउनको लागि हामी यस्ता मामिलामा हामी एकजुट हुनुपर्छ र यी काका मामा चेला चेली सबै ल्याएर नेपाल भर्ने कुरा गर्ने हो भने अमेरिकाले जस्तो डीभी खोले भइहाल्यो नि अमेरिकाले जस्तो डीभी खोल्यो जे जे आउँछ आउँछन् । छारोको आउँछन् कि छोरीको आउँछन् कि भाइ भतिजा कसको आउँछन् । यस्ता गलत कुरामा हामी बग्दै गयो भने हामी नेपाली रहन सक्दैनौं हामीलाई शासन गर्ने आज अरू नै हुन्छन् । भारतले अति चेपेको छ । त्यो .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय रमेश जंग रायमाझी । समय तीन मिनेट ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रस)**ः- सम्माननीय अध्यक्ष महोदय, आज विशेष गरेर नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु । योभन्दा अगाडिको सरकारले दुइटा विधेयकहरू संसदमा दर्ता गरायो एउटा नागरिक विधेयक र अर्को एमसीसी दुइटालाई अहिले कहिले अगाडि बढाउन कोसिस गरेन खालि गफ मात्रै गर्यो र अहिले सरकारले दुइटै एमसीसीलाई पनि टेबुल गरायो र पास गर्यो । र यो अहिले यसले नागरिकता विधेयक पनि लेर आ'को छ । यो नागरिकता विधेयकमा धेरै माननीयज्यूहरूले कुरा उठाउनुभा' छ ।

म केही कुराहरू थापन चाहन्छु । यो नागरिकता विधेयक कस्तो रह्यो भने बाबु आमासँग नागरिकता छ छोरा छोरीसँग नागरिकता छैन । बाबु वैदेशिक रोजगारमा गएको छ । आमा एकलै छ घरमा र आमाले बाबुले विदेशबाट पैसा पढाइदिए । आमाले एउटा स्कुटर किन्दिए र छोरा र छोरी सोह्र सत्र वर्ष पुगेका छन् । र एउटा स्कुलमा दिदीलाई ड्रप गर्न भाइ लेर गए । दिदी स्कुटरको एक्सिडेन्ट भयो ऊसँग सवारी चालन अनुमतिपत्र थिएन दिदीको मृत्य भयो । भाइले सवारी चालकलाई बनेर ग'को थियो । ऊ गाडी चलाइरहेको थियो । स्कुटर चलाइरखेको थियो तर दिदीको मृत्युपछाडि आमा जाहिरी दिनेमा पर्यो भाइ हत्यारमा पर्यो र एउटा परिवार यसरी नष्ट भएको अवस्था छ र यो सरकारले जुन विधेयक ल्यायो यो धेरै पहिला ल्याउनुपन्थ्यो । विगतको सरकारले ल्याउन सकेन र अहिले सरकारले ल्याएकोमा धन्यवाद दिन चाहन्छु ।

जहाँसम्म अहिले कुरा उठिरहेको छ । एउटा हातमा सिन्दुर एउटा हातमा नागरिकता भनेर । ल्याएको दिनदेखि जुन दिन हामीले श्रीमती बनाएर लिएर आउछौं सिन्दुर हालेर ल्याउछौं । त्यो दिनदेखि हाम्रो सम्पत्तिमा हाम्रो वंशको सम्पत्तिमा त्यो महिलाको ५० प्रतिशत हक लाग्छ ५० percent हक लाग्ने हक दिने अनि हामीले ल्याएको श्रीमतीले वंश थान्दिनुपर्ने परिवार धान्दिनुपर्ने बाच्च पाइदिनुपर्ने हाम्रो परिवारलाई अगाडि बढाइदिनुपर्ने हाम्रो वंशको जम्मा भयो भन्ने हामी भन्ने अनि ल्याएको त्यो आफूले ल्याएको श्रीमतीलाई पनि विश्वास गर्न नसक्ने अनि विश्वास नगरीकन आज वर्षौं चाहिँ कुर्नुपर्ने बच्चा जन्माउनु पनि वर्षौं कुर्नुपर्ने होला त्यसरी नागरिकता दिन वर्षौं कुर्नुपर्ने हो भने त्यसकारण आफूले भित्र्याएर ल्याएको श्रीमती जुन दिन श्रीमती बनायो सबै चिजमा उसको हक लागेन भएको कुराले विशेष गरेर महिलाले यो कुरालाई उठाउनुहुँदैन भन्ने .....सरकारलाई पुनः धन्यवाद दिँदै त्यसको समर्थन गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय शेखर कुमार सिंह समय तीन मिनेट ।

**माननीय श्री शेखर कुमार सिंह (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्षज्यू, हामी नेपालीले ७२ सालमा संविधान पायौं तर ७९ साल आउँदा मात्रै नागरिकताको हक पाउँदै छौं । मैले माननीय मन्त्रीज्यूमार्फत सरकारलाई धन्यवाद

दिन चाहन्छु । सम्माननीय अध्यक्षज्यू, दफावार रूपमा हाम्रा सबै माननीयज्यूहरू त राखी नै सक्नुभा' छ । केही बुँदा म मैले भन्न चाहिँ राख्या छु । अब सदनमा उठदाखेरि एउटा कुरो त उठिराख्या छ । एक हातबाट सिन्दुर एक हातबाट नागरिकता होइन रहेछ साथी हो म त्यसै भेगका छु मेरा श्रीमती पनि इन्डियन छन् । जुन दिन मैले विवाह गरेर ल्याए झन्डै मलाई पनि नागरिकता लिनलाई लगभग पाँच महिना जति लग्यो उनीले हामी जस्तै नागरिकता पाइराख्दैन उता भारतमा सबै चेली बेटीलाई हातैहातमा नागरिकता हुँदैन । उसले आफूले आफ्नो डिस्ट्रक मजिस्ट्रीको नाउमा आफ्नो नागरिकता परित्याग गर्नुपर्छ त्यो परित्याग गरेको रजेस्ट्री रजेस्ट्री फर्म हामीले सीडीओमा बुझाएपछाडि मात्रै ल्याएका बुहारीले नागरिकता पाउँदो रहेछन् । यति प्रक्रिया पुराउँदा पुराउँदै एक हातको सिन्दुर एक हातको नागरिकताजस्तो छैन । माननीयज्यूहरू त्यसमा अलिक टाइम लाग्दो रहेछ ।

त्यसैकारणले अगर हामी तपाईंको नेपाली छु । हामीमाथि विश्वास छ तर मेरो श्रीमतीमाथि यति अविश्वास ? यो एउटा भारतको चेली भएको नाताले यति अविश्वास गर्ने ? आखिर मेरा श्रीमती पनि भइसक्या छ नि उनले त्यो पनि विश्वास राख्नुस् न त्यसैकारणले त्यस्ता कुराहरूमा नलागी सरकारले लिआएका प्रस्तावमा म सम्पूर्ण माननीय साथीहरूलाई आग्रह गर्न चाहन्छु । यसलाई सहमतिको कुरा बनाएर हामी सबै पास गरौं केही चेली नेपालमा आउनबित्तिकै फिजी पनि हुन सक्दैन अरू राष्ट्र पनि हुन सक्दैन नेपाल । त्यसैकारणले यो नागरिकता मुद्दाले धेरै नेपालीलाई अनागरिक बनाएर राखिराख्या छ । अहिले पनि धेरै नेपालका सन्तति र सन्तानहरू नागरिकता बिहिन भएछ आजदेखि यो सबै पास गरेर पठाइदिनुभो' भने यो शुभ ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय भुवन बहादुर सुनार । समय तीन मिनेट ।

**माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- अध्यक्ष महोदय, हामीले नागरिकता विधेयकको विषयमा यात्रो बहस छलफल गरिराखेका छौं र ढिलै भए पनि नागरिकता विधेयक आ'को छ । यो स्वागतयोग्य छ । किनभने यतिसम्म तड्पेका छन् मान्छेहरू कि यो मोबाइलमा सिमकार्ड पनि किन्न सकिराख्या छैनन् । किनभने नागरिकताको फोटोकपी चाहिने । त्यो नहुँदाखेरिमा मान्छे प्रताडिएका छन् अरू त विषय त

थुप्रो साथीहरूले राखिसक्नुभ'को छ । माननीयज्यूले राखिसक्नुभ'को छ । त्यसमा मेरो समर्थन छ ।

मुख्यतया हामीले अहिले चाहिँ बढी हामीले बहस गरिराखेका छौं । बहस गर्न आवश्यक पनि छ । किनभने हाम्रो छिमेकी दुइटा विशाल देश त्यसका विशाल जनसङ्ख्या र त्यसलकै बिचमा हामी छौं त्यसले गर्दा हामी पनि अलिकै सतर्क हुनुपर्छ । हामीले हाम्रो भोलि हामी चाहिँ विदेशीबाट चाहिँ शासित हुनुपर्ने अथवा फिजीको अवस्था सृजना हुने यी खतरा छन् । यी रहँदारहँदै पनि यसलाई अलिक कसिलो बनाउँदै नागरिकताको विधेयक चाहिँ छिटोभन्दा छिटो अगाडि बढ्न पर्छ, जानपर्छ । किन त भन्दा चाहिँ अहिले हाम्रो चाहिँ यो जन्मसिद्ध नागरिकताको विषयमा वंशजका आधारमा अथवा अङ्गीकृत नागरिकता र सम्मानार्थ र गैरआवासीय नागरिकता विषयमध्येमा अहिले बढी चाहिँ हामीसँग रसाकसी केमा देखिराख्या छ भन्दा चाहिँ यी वंशजको आधारमा अथवा अङ्गीकृत नागरिकताको आधारमा सारमा भन्ने हो भनी चाहिँ हामीले जसरी चाहिँ विदेशी चेलीलाई हामीले भित्र्याउँदा चाहिँ नागरिकता दिनलाई हामी अलिक तत्पर भयौं ।

त्यस्तै गरेर चाहिँ हाम्रा चेलीले विदेशी पुरुष ल्याउँदाखेरि चाहिँ त्यसलाई अलिक हामीले चाहिँ मौन बस्यौं भन्ने विषय छ । यसमा यो स्वाभाविकै रहयो स्वाभाविक रहँदारहँदै पनि एउटा उनलाई चाहिँ अङ्गीकृत नागरिकता दिँदैमा चाहिँ त्यति बिग्रेन किन त भन्दा चाहिँ हामीले त्यो जन्मसिद्ध नागरिकता दिन नि खोज्या छैन । वंशजका आधारमा पनि दिन खोजिराख्या छैनौं । अहिले उनलाई सामान्य चाहिँ यो चाहिँ सिमकार्ड किन्ने नागरिकतासमेत दिन किन उचित नमान्ने र त्यसमा ठिक हो बहस आवश्यक छ छलफल आवश्यक छ पनि त्यो निचोडको लागि पनि बहस हुनुपर्छ र चाँढोभन्दा चाँढो चाहिँ नागरिकता उपलब्ध गराउनुपर्छ । मान्छे अहिलेसम्म नागरिकताविहिन भएर बसेका छन् र अति विद्यार्थीहरू चाहिँ कलेजमा भर्ना हुन सकिराहेका छैनन् । वैदेशिक रोजगारमा जान सकिराख्या छैनन् । सारा समस्याको बाट तड्पिरहेको बेलामा राज्यले यो नागरिकता विधेयक ल्याछ । यो स्वागतयोग्य छ भन्दै मेरो भनाइ यहीं अन्त्य गर्छु हस् । धन्यवाद ।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय बामदेव गौतम । समय तीन मिनेट ।

**माननीय श्री बामदेव गौतम (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, ४७ सालको संविधानमा नागरिकता परित्याग गरेपछि वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्ने व्यवस्था थियो र त्यसबेलाको कानुनमा पनि त्यो व्यवस्था थियो र त्यसबेलाको संविधानअनुसार हामीले त्यो वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्ध जटिल समस्या अहिले पनि उत्पन्न हुन दिएनौं । जुन व्यक्ति तराईमा ग'को छ । त्यहाँ बसोबास गरेको छ त्यसलाई थाहा हुन्छ कि हाम्रोजस्तो देशको समस्या केके समस्या छन् भनेर भन्ने कुरा जटिल समस्या छन् तर समाधान गर्नै पर्छ । किनभने तराईमा आधा महिलाहरू भारत तिरै गएर बिहे गर्छन् । आधा महिलाहरूले पुरुषहरू भारत तिरबाट बिहे गरेर बुहारी लिएर आउँछन् ।

चौध वर्षसम्म नागरिकता नदिने व्यवस्थाले आमाले जन्माएको छोरा जन्मसिद्ध नागरिक बन्छ चौध वर्षसम्म आमा अनागरिक भएर बसिरहनुपर्छ । अर्कोतिर नागरिकता नभएको व्यक्ति संसारमा कोही पनि हुनुहुँदैन र यो अन्तर्राष्ट्रिय मान्यता हो कि अनागरिकता भएर कोही पनि मान्छे बस्न हुँदैन र पाहिँदैन । अनागरिक बनाउनु पनि पाहिँदैन । हो यस्तो अवस्थामा हाम्रो देशमा वैवाहिक अङ्गीकृत नागरिकताको सम्बन्धमा अहिले जे व्यवस्था त्यहाँ आ'को छ त्यो व्यवस्थाले थोरै केही कुराहरू सच्याउनुपर्छ सच्याउन भनेर भनेको उनले नागरिकता परित्याग गर्नको निम्ति प्रक्रिया सुरु गरेको सम्बन्धित निकायबाट भारतको सम्बन्धित निकायबाट कुनै प्रमाणपत्र लिएर आउनुपर्छ । मैले गरेको छु त्यो प्रक्रिया सुरु गरेको छु भनेर भन्ने भएर मात्रै होइन । उनले प्रक्रिया सुरु गरोस् र त्यो प्रक्रिया सुरु भएको कागजपत्र लेरआएपछि उनले पाउनुपर्छ । यो नेपाली जनताको विशेष अवस्था हो आधाभन्दा धेरै जनसङ्ख्या बसेको तराईको समस्या हो । यो समस्या समाधान गर्नको निम्ति अहिले सरकारले जे व्यवस्था गर्या छ, ठिक गरेको छ । र यसमा केही केही सच्याउनुपर्ने विषय छ त्यो सच्याउने काम गरोस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय नन्दा चपाई । समय तीन मिनेट ।

**माननीय श्री नन्दा चपाई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय सभाअध्यक्ष महोदय, नागरिकताको विषयमा धेरै कुराहरू उठे । यो नागरिकता एउटा राष्ट्रियता राष्ट्रको लागि आवश्यकता पनि हो भन्ने सबैलाई जानकार भएकै कुरा हो र धेरै

माननीयज्यूहरूले धेरै कुरा उठाउनुभो' । मलाई लाग्छ यो अत्यन्त आवश्यकता थियो हिजै आउनुपऱ्थ्यो ढिला भएको छ । यो आएछ यो नागरिकताको विषय नेपाली नागरिकताहरू अनागरिक भएर बस्ने अवस्थाबाट वञ्चित गर्ने जुन विषय छ । यो सराहनीय विषय छ । तर मलाई लाग्छ राज्यको हित अनुकूल अथवा राष्ट्रयताको मामलामा कुरा उठाइरहदा के प्रतिपक्षले होस् के पक्षले होस् उठाएको कुरालाई गौरवका साथ लिनुपर्छ भन्ने लाग्छ । हाम्रो संविधान २०७२ को संविधानले जुन नेपाली महिलालाई कुनै पनि विषयमा पुरुषसरह सम्मान देख्ने अधिकारका कुराहरू हामीले गरिरहेका छौं र हाम्रो संविधानले त्यो अधिकार हामीलाई दिएको छ त्यो अधिकार दिए बापत एउटा हुनत माननीयज्यूहरूले भनिसक्नुभो' एउटा हातमा सिन्दुर र एउटा हातमा नागरिकता होइन तर त्यसलाई प्रावधान छ भनेर भन्नुभो' त्यस्तै प्रावधान राख्दै ज्वाइँलाई पनि बुहारीलाई र ज्वाइँमा अन्तर नगरेर ज्वाइँलाई पनि त्यस्तै प्रावधान राख्ने अथवा नेपाली बन्छु भने पछि बन्न पाउने नागरिकता प्रदान गर्ने र फेरि ऊ नेपाली बन्न सकेनन् आफ्नो देशमा फर्कन चाहे भने त्यो नागरिकता खारेज गर्ने गरी व्यवस्था गरियोस् भन्न चाहन्छु र मन्त्रीज्यू यहीँ हुनुहुन्छ । यो नागरिकताको विषय राष्ट्रियताको विषय हो यसलाई ढिला गर्नुहुँदैन । जति सको चाढो सम्मान रूपमा पास गरियोस् भन्न चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय गृहमन्त्री बालकृष्ण खाँणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

<u>**माननीय गृहमन्त्री श्री बालकृष्ण खाँण**</u>:- सम्माननीय अध्यक्ष महोदय, "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि सैद्धान्तिक छलफलमा माननीयज्यूहरूले महत्त्वपूर्ण विचार राख्नुभएको छ । म सबै माननीयज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । संविधान सभाबाट संविधान जारी भइसकेपछि यो नागरिकता विधेयकको बारेमा विभिन्न स्तरमा छलफल भएरै यो विधेयकहरू अगाडि बढेको हो र

पछिल्लोपटक २०७५ साउन २२ गते प्रतिनिधि सभामा यो विधेयक दर्ता भएर राज्य व्यवस्था तथा सुशासन समितिमा २२ महिनासम्म यो छलफल भयो मैले प्रतिनिधि सभाको मूल हाउसमा समितिका सभापतिज्यूलाई पनि समितिका माननीय सदस्यहरूलाई पनि धन्यवाद दिइसक्या छु र यो राष्ट्रिय सभाको आफ्नो विचार व्यक्त गर्ने क्रममा पनि म प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिलाई धन्यवादै नै दिन चाहन्छु ।

राज्य व्यवस्था समितिमा धेरै कुराहरू सहमति भए तर यो वैवाहिक अङ्गीकृत नागरिकताको सवालमा सहमति हुन सकेन असहमतिकै अवस्थामा २२ महिनापछि प्रतिवेदन प्रतिनिधि सभामा पेस गरियो नागरिकतासम्बन्धी विधेयक राज्य व्यवस्था सुशासन समितिको प्रतिवेदनसमेत सङ्घीय संसदमा या प्रतिनिधि सभामा अगाडि बढ्न सकेन किनकि त्यसमा व्यापक सहमति जुटिसक्या थिएन । यसमा सहमति जुटाउने प्रयत्न भइराखेको छ । अहिले पनि त्यसमा प्रयत्नशील छौं । त्यसैबिचमा प्रतिनिधि सभा नभएको अवस्थामा सरकारले अध्यादेश ल्यायो सरकारद्वारा प्रस्तुत प्रारम्भिक विधेयकमा पनि यो वैवाहिक अङ्गीकृतको बारेमा बोल्या थिएन र पछिल्लो अध्यादेशमा पनि यस विषयमा प्रवेश गरेन । अध्यादेश जारी भइसकेपछि सर्वोच्च अदालतले नरोक्दाका बखतसम्मन केही नेपालीहरूले नागरिकता प्राप्त गर्नुभयो तर सर्वोच्च अदालतले नागरिकताजस्तो महत्त्वपूर्ण र संवेदनशील विषयमा प्रतिनिधि सभा या सङ्घीय संसदले राष्ट्रिय सभाले नै ढुङ्गो लगाओस् भनेर अध्यादेशलाई स्थगन गरेपछि फेरि यो प्रक्रिया अगाडि बढेको हो ।

संविधान जारी भएपछि एउटा विधेयक आयो; एउटा अध्यादेश आयो र फेरि अहिले अर्को विधेयक आएको हो । जुन विषयमा हामीले ज्यादै संवेदनशील रूपमा छलफल गरिराख्या छौं त्यसमा पनि सहमति नै गर्नुपर्ने छ । सहमति नजुट्या कारणले नै यो अगाडि बढ्न सकेन । अब सहमति जुट्न नसक्याकारणले नेपाल नागरिकता ऐन, ६३ अनुसार नै यहाँहरूले नागरिकता पाइरहनुभएकै छ । अहिलेको विधेयकले वाहाँहरूलाई नागरिकता दिने मार्ग प्रशस्त गर्या होइन । ६३ को ऐनले नै दिइराख्या छ । सहमति जुटेन, नागरिकता विधेयक अगाडि बढेन ऐन बनाउन सकिएन भने जसका बारेमा बहस गरिराख्या छौं वाहाँले चाहिँ पाइनै रहनुहुन्छ । जसलाई दिनै पर्ने अवस्था छ वाहाँहरूलाई दिन सकिँदैन ।

नेपाली नागरिकता प्राप्त आमा र बुवा जुन युवाहरू माननीयज्यूहरूले अगि भन्नुभो' झन्डै साढे ६ लाखको सङ्ख्या पुगिसक्या छ । ती लाखौं युवाहरूले नागरिकता पा'

छैनन् । नागरिकता नपाएपछि वाहाँहरूले विश्वविद्यालयमा भर्ना पनि पाउन गाह्रो छ । नोकरीका लागि दरखास्त दिन पनि गाह्रो छ । कारोबार गर्नको लागि बैङ्कमा खाता पनि खोल्न सकिन्न । खाता खोल्न बेलामा बैङ्कले नागरिकता लेर आऊँ भन्दिन्छ । अहिलेको अत्याधुनिक सूचना र प्रविधिमाथिको पहुँच पनि भएन । मोबाइल किन्न लागि पनि या त साथी भाइको माग्नुपर्यो या त मितसँग माग्नुपर्यो या त बुवा आमाकै नाममा लिनुपर्यो । दुरसञ्चारले फेरि बेला बेलामा सूचना निकाल्छ अर्काको मोबाइल नचलाउनु आफ्नै मोबाइल चलाउनु हइ भन्दिन्छ । त्यसकारणले मोबाइल पनि किन्न पाइएन बैङ्कमा खाता खोलेर कारोबार पनि गर्न पाइन्न कुनै ..... उद्योग खेती फार्म या उद्योग धन्दा सञ्चालन गर्न साना ठुला आफ्नो लक्ष्यअनुसार क्षमताअनुसार दर्ता पनि गर्न पाइएन फार्म व्यवसाय उद्योग धन्दा फार्म दर्ता गर्न पाइएन त्यस्ता लाखौं युवाहरूलाई एउटा मिनिमम् सहमतिमा भए पनि उनीहरूको लागि नागरिकता बनाउने मार्ग प्रशस्त गरौं भन्ने नै सरकारको सदासयता हो ।

र माननीयज्यूले उठाउनुभएको सवाल म स्वागत गर्दछु । यसलाई मैले आरोप प्रत्यारोपको रूपमा लिएको छैन । हाम्रो देश बचाउने पनि तपाईं हामीले नै हो हाम्रो देश चलाउने पनि तपाईं हामीले नै हो । देशको लागि संविधान ऐन बनाउने पनि तपाईं हामीले नै हो । ७२ मा संविधान जारी गरिसकेपछि अब कतै दिपावली भयो; कतै ब्ल्याक आउट पनि भयो । तथापि यो संविधान अहिले कार्यान्वयनमै छ । संविधान जारी हुँदाका बखत रोस्टममा उभिएर सबै शीर्ष नेताहरूले तत्कालीन प्रधानमन्त्रीज्यूले शीर्ष नेताहरूले यो संविधानलाई हामीले अझै राम्रो बनाउछौं परिष्कृत गर्छौं संशोधन गर्दै लान्छम् भनेर भनेकै हो । संविधानका केही धारा र केही बुदाहरूमा संशोधन पनि भयो र पछिल्लोपटक पनि हामीले नेपालको नक्साको अनुसूची बदल्दाखेरि संविधान नै बदल्नुपर्यो दुईपटक संविधान नै बदल्नुपर्यो ।

त्यसकारण कुनै पनि मुलुकको संविधान त्यो मुलुकको एउटा गतिशील दस्तावेज हो । कुनै धर्मग्रन्थजस्तो होइन त्यसकारण यो संविधान पनि समयसापेक्षा बेला बेलामा बदि्लदै जान्छ । अगि माननीयज्यूहरूले आफ्नो महत्त्वपूर्ण विचार व्यक्त गर्ने क्रममा आवश्यक पर्यो भने नागरिकताकै सवालमा पनि संविधान बदल्नुपर्ने छ । त्यसको लागि पनि राष्ट्रिय सहमति जुटाउने प्रयत्न गरौं । सहमति जुटाउने प्रयत्न गरौं । संविधानले सबैलाई सम्मान मानेको छ । त्यो कुराको सरकार समान गर्दछ । सबै नेपाली नागरिक सम्मान

हुन त्यसका साथसाथै संविधानका विभिन्न भागहरूमा विभिन्न धाराहरूमा विभिन्न प्रावधान छ । अब नागरिकताको हकमा ऐन बनाउँदाखेरि या विधेयक ल्याउँदाखेरि संविधानको भाग दुईको नागरिकतासम्बन्धी प्रबन्धलाई नै हामीले आधार बनाउनुपर्यो । त्यसले गर्दाखेरि यो संविधान अनुकूलन नै यो विधेयक ल्याइएको छ । त्यसकारण नागरिकता ऐन पनि आवश्यकताअनुसार परिस्कृत हुँदै जाने नै छ । फेरि नागरिकता यो विधेयकले नागरिकता प्राप्त गर्नका लागि खोकुलो बनाउन खोजेको होइन यसलाई । म माननीयज्यूहरूलाई आग्रह गर्न चाहन्छु त्यो खालको आशङ्का नगरिदिनुहोस् भन्ने मेरो आग्रह छ विनम्रतापूर्वक । यो नागरिकता नेपाली नागरिकलाई नागरिकता व्यवस्थित ढङ्गले दिन खोजेको हो । त्यसको समुचित कानुनी प्रबन्ध गर्न खोजेको हो हामीले । कतिपय कुराहरू सहमति हुन्छन् । कतिपय कुराहरू सहमति हुन्छन् तर केही समय लाग्न सक्छ ।

हाम्रो मुलुक तपाईं हामीले सबैले सहमति गरेरै निरङ्कुश राजातन्त्रको अन्त्य गरेर यही संविधान सभाको ठुलो हलमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र रूपान्तरण गरेको हो । संविधान सभाको निर्वाचन गर्ने सहमति भयो र संविधान सभाको निर्वाचन भयो त्यो संविधान सभाको पहिलो बैठकले राजतन्त्र समाप्त गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापन गर्ने हाम्रो सहमति भयो त्यो कार्यान्वयन भयो । तर संविधान सभाले संविधान निर्माण गर्न सकेन । ६४ को निर्वाचित संविधान सभाले संविधान बनाउन सकिएन । कति जना संविधान सभाका माननीयज्यूहरू राष्ट्रिय सभामा पनि हुनुहुन्छहोला र ७० मा अर्को संविधान सभामुख चुनाव गर्नुपर्यो दुनियामा नेपालमात्रै यस्तो एउटा मुलुक हो जहाँ दोस्रोपटक संविधान सभाको निर्वाचन भयो । दोस्रोपटक हामीले संविधान सभाबाट संविधान जारी गर्न सक्यौं त्यो संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई स्थापित गरेको छ । त्यहीँ आधारशीलामै नेपालको राज्य प्रणाली उभिएको छ । सङ्घ, प्रदेश र स्थानीय तीनओटा तहहरू हामीले निर्धारण गरेका छौं । तीनटै तहलाई मिलाएरै समन्वय गरेरै हामीले मुलुक सञ्चालन गर्नुपरेको छ । अगाडि बढाउनुपरेको छ । मुलुक नागरिकहरूलाई संवृद्ध गराउनुपरेको छ । मुलुकलाई पनि सक्षम र समृद्ध गराउनुपरेको छ ।

अब अहिले पछिल्लोपटक यो नागरिकता नपाएका युवाहरू अगि माननीयज्यूहरूले पनि भन्नुभो' मैले पनि भनें आफ्नो जीवनयापनका लागि पनि कष्टकर अवस्थाको सामना गर्नु परिराख्या छ । अहिले हाम्रो बिचको राष्ट्रिय सहमति भनौं या पार्टीको दलीय सहमति ती

नागरिकहरू जो नागरिकताबाट वञ्चित भए तिनलाई नागरिकता प्रदान गर्ने माग प्रशस्त गरौं भन्ने नै हाम्रो नियत हो । अरू कसैको परामर्श सरसल्लाह या कुनै पनि कारणले यो विधेयक आएको होइन यो विधेयक नआउँदाखेरि पनि जुन प्रावधानको बारेमा हामी छलफल गर्या छौं त्यो त अगाडि बढेकै छ । त्यसकारणले सबै माननीयज्यूलाई युवाहरूले भनिराख्या छन् । अहिलेसम्म हामी अनागरिक बन्ने ? परामर्श सरसल्लाह नेपाली नागरिकका आमा बुबाका छोराछोरीहरू जो नेपाली नागरिकै हुन । तिनलाई नागरिकता प्रदान गरौं प्रमाणपत्र प्रदान गरौं भन्ने सदासायताका साथै यो विधेयक अगाडि बढेको हो र सबै पार्टीका नेताहरूसँग मैले सरकारको तर्फबाट संवाद पनि गरें । छलफल पनि गरें । कुराकानी पनि गरें । प्रतिपक्ष पार्टीका नेताज्यूसँग पनि मैले भनें यहाँको कार्यकालमा जुन विधेयक आएको थियो र पछिल्लोपटक पार्लियामेन्ट डिजल्भ भएको अवस्थामा जुन अध्यादेश आएको थियो त्यो अध्यादेश आधारशीलामै यो सरकारले विधेयक ल्याउँछ । हामी धेरै विषयमा प्रवेश गर्न चाहन्नौं । सरकारले फेरि जस अपजस लिने कुरा पनि होइन । यो विधेयक अगाडि बढिसकेपछि पास भाइसकेपछि यो कार्यान्वयन गर्ने क्रममा सङ्घीय संसदकै ऐतिहासिक दायित्व हो । यसमा केही छुट्या होला केही कमी कमजोरी होला त्यसलाई संशोधन गर्दै जाऊँ त्यसलाई मिलाउँदै जाऊँ खास गरेर वैवाहिक अङ्गीकृतबारेमा पनि यसको पक्ष विपक्षमा सरकार बहस गर्न चाहँदैन । यसलाई एउटा मुद्दाको रूपमा आएको छ । यसलाई छलफलमा लैजाऊँ यसलाई जतिखेर यो सहमतिमा पुग्छ यो सहमतिमा पुग्या बेला अगाडि बढाऊँ । यदि सहमतिमा नपुगेसम्मन यसलाई थाती राखिरहने हो भने त युवाहरूको सङ्ख्या नागरिकता नपाउनेको झन बढ्दै बढ्दै बढ्दै नै जाने भो' उनको जीवनयापनमा झन कष्टकर अवस्थाको सामना उनले गर्दै जानुपर्ने भयो ।

अब त्यसको साथसाथै अध्यादेशमा एउटा थपेर हामीले ल्याइदियौं संविधानको व्यवस्थाअनुसार गैरअवासीय नेपाल नागरिकलाई संविधानले नै सांस्कृतिक, आर्थिक अधिकार प्रदान गर्ने गरी प्रमाणपत्र दिने जुन संविधानको प्रावधान छ त्यसलाई चाहिने ऐनमा जस्ताको त्यस्तै राख्द्यौं । गैरआवसीय नेपालीहरू नेपालमै जन्मिएका बुबाआमा बाजेबज्यै कै सन्तान हुन उनीहरू एउटा विशिष्ट अवस्थामा या अहिलेको दुनियाको परिवर्तित माहोलमा संसारको विभिन्न कुनामा बसेको छन् । कसैले अध्ययन गरिराख्याहोलान् कसैले नोकरी गरिराख्याहोलान् कसैले व्यवसाय गरिराख्या होलान् । तिनीहरूलाई नेपालसँग कसरी जोड्ने

उनको दक्षतालाई उनको सीपलाई उनीको सम्पत्तिलाई नेपालको अभिवृद्धिको लागि कसरी सदुपयोग गर्ने ? गैरआवसीय नेपाली नागरिकता उनीहरूलाई प्रदान गर्यौं भने उनीहरू नेपालीसँग जोडिरहलान् । राजनीतिक र प्रशासनिक अधिकार दिएको छैन् । उनले नेपालमा व्यवसाय गर्लान् सम्पत्ति जोड्लान् खाता खोल्लान् । हुन्डीको माध्यमबाट नभएर सोझै राष्ट्र बैङ्कको माध्यमाबाट बैङ्कीय कारोबारको माध्यमा उनीहरूले आफ्नो खातामा विदेशी मुद्रा पठाउलान् र नेपालको समृद्धि उनीहरूको योगदान सोझै रहला । त्यसकारण यसपटक यो विधेयकमा राख्दौ भन्ने यो पनि सबैसँग सबै राजनीतिक दलहरूको सहमतिले नै राखेको हो यो । तथापि केही मतहरू आएको छ । त्यो मतहरू त माननीयज्यूहरूलाई आफूलाई लागेको कुरा राख्नै पर्यो ।

अहिले यहाँहरूलाई विनम्रतापूर्वक भन्न चाहन्छु नेपालका सबै राजनीतिक पार्टीहरू राष्ट्रवादी नै पार्टी हुन् । कसैलाई हामीले चाहिने दोशारोपण गर्ने अवस्थै रहेन पञ्चायतविरुद्धको आन्दोलन पनि हामी सबैले सँगै गरेर ल्याएको हो । ४७ सालको संविधान पनि हामी सबैले मिलेरै बनाएको हो । त्यो संविधान अब निष्प्रयोजन भयो त्यहाँबाट अर्को संविधान बनाऊँ भनेर फेरि संवैधान्तिक प्रक्रिया संविधान सभाको निर्वाचन पनि हामी सबैले मिलेरै गरेको हो । त्यसकारण कहिले पक्षमा कहिले विपक्षमा हुँदाखेरि अलिकति प्रस्तुती चाहिने आफ्नै ढङ्गको हुनु त्यो त स्वाभाविकै हो । त्यसलाई मैले स्वाभाविक नै लिएको छु । त्यसकारणले छलफल गर्दै जाऊँ र यो नागरिकता विधेयकको अगि हजुरहरूले पनि भनिसक्नुभो' माननीयहरूले, यो ज्यादै नै अतिआवश्यक नै भइसक्यो अहिले । यो एक घण्टा यो विधेयक पास नहुँदाखेरि पनि एक दिन पास नहुँदाखेरि पनि एक हप्ता पास नहुँदाखेरि पनि नागरिकताविहिनहरूको प्रताडना बढिरहेकै छ । उनीहरू प्रताडित जस्तै भइसके अब हाम्रै संविधानले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भनेर हामीले नै भन्या छौं । ७२ सालदेखि तर विधेयक नल्याइदिएर ऐन नबनाइदिए कारणले नागरिकता नपाएर उनीहरूलाई उनीहरूलाई चाहिने नागरिकताबाट वञ्चित हामीले नै गरिराख्या छौं । यसकारणले सरकारको सम्माननीय प्रधानमन्त्रीज्यूको सदासयता के हो भन्दाखेरि उनीहरूले नागरिकता पाउन् । हाम्रो प्रयत्न नै त्यहीं हो । त्यसकारणले सरकारको सदासहेता प्रयत्नका प्रति म माननीयज्यूहरूलाई विश्वास्त गराउन चाहन्छु ।

र यहाँहरूले उठाउनुभएका सवाल अब नेपाल हिमाल, पहाड, तराईको संयोजनमा छ । अब हिमाली भूभागमा अहिले केही वर्षअगाडिबाट हामीले सशस्त्र प्रहरीको बीओपी राखिरा' छौं । त्यो पनि बीओपीको सङ्ख्या बोर्डर आउट पोष्ट जुन छ । त्यसको सङ्ख्या पनि कम छ । त्यसमा साधन स्रोत पनि कम छ बनेका भवनहरू पोष्टहरू पनि हाम्रा अझै सुविधा सम्पन्न गराउन सकिया छैनौं तर बसिराख्या छन् । तर त्यहाँ गाउँ बेसी भएको कारणले त्यसका आदिवासी दाजुभाइ दिदी बहिनीहरू त्यहाँ बसेका कारणले चाहे लिम्बुहरू हुनुहोस्, चाहे राईहरू हुनुहोस् चाहे तामाङहरू हुनुहोस् चाहे नेम्वाङहरू हुनुहोस् या शेर्षा, गुरुङ्ग, मगर कार्णालीमा कार्णालीका दाजुभाइ दिदी बहिनीहरू वाहाँहरूले नै त्यो भूमिको रक्षा गरिरहनुभा' छ । यो चुचुरा हाम्रो हो । यो खोल्सा हाम्रो हो पहिला यो चुचुरामा सेतामे हिमाल थियो । अब हिमाल पग्लिएर यो कालो हुन थाल्यो । यो बुट्यान चाहिने मेरो बाजेको पाल देखिन नै यहाँ थियो । यो ग्लासियर गरे हिम ताल हाम्रै हो । ऊ त्यहाँसम्मन हाम्रो भेडा चर्छ । त्यहाँसम्मन हाम्रो चौरी गाई चर्छ भनेर त्यस्तो विकटतामा पनि वाहाँहरू बसिराख्नुभा' छ । नि । म सरकारको तर्फबाट उहाँहरूलाई धन्यवाद दिन चाहन्छु । सम्मान गर्न चाहन्छु । वाहाँहरूको त्यहाँ उपस्थितिको कारणले वाहाँहरूको त्यहाँको जनजीवनका कारणले कष्टकर जनजीवनका कारणले पनि वाहाँहरू त्यहाँ बस्दिया कारणले त्यो नेपालको भूमिको रक्षा भएको छ । सर्वभौमसत्ताको रक्षा भएको छ । राष्ट्रियताको रक्षा भएको छ ।

त्यस्तै मेचीमा, मेचीका नागरिकहरूले मेचीको भूमिको रक्षा गर्नुभा' छ । महाकाली नदी किनारमा पहाडदेखि लिएर त्यहाँका भूभागमा बगरमा बसेर नेपालीहरूले त्यहाँको भूमिको रक्षा गर्नुभा' छ । दक्षिणको राष्ट्रसँग सीमा जोडिएको भूमिमा पनि मधेसका दाजुभाइ दिदी बहिनी चाहे यादव हुनुहोस्, चाहे थारु हुनुहोस्, चाहे पासवान हुनुहोस् चाहे हरिजन हुनुहोस् चाहे खत्मे हुनुहोस् । विभिन्न जातजति भेषभूषाका दाजुभाइ दिदी बहिनीहरू त्यहाँ बसिराख्नुभा' छ उहाँहरूले यो खेत मेरो हो । यो खलियान मेरो हो । यो गाछी मेरो हो । यो घर मेरो यो मेरो रुख हो । यो कुलो मेरो हो यहाँ दस गजा भत्कियो भन्या कारणले नेपालकै मधेसकै दाजुभाइ दिदी बहिनीहरूले यो नेपालको भूमि हो । म नेपालमा छु, मेरो गाउँ नेपालको हो भन्या कारणले पनि नेपालको भूमिको रक्षा भएको छ । वाहाँहरूलाई पनि म सम्मान गर्न चाहन्छु ।

त्यसकारणले हाम्रो बहुधार्मिकता, बहुजातीयता, बहुसांस्कृतिक, बहुभाषिक विविधता छ । यो विविधता हुँदाहुँदै पनि हामी सबै नेपाली हौं । हामी सबैले नै नेपालको राष्ट्रियताको संवर्धन गर्ने हो । नेपालको सर्वभौमसत्ताको रक्षा गर्ने हो । नेपालको संविधान बनाउने, कानुन बनाउने, ऐन बनाउने लागु गर्ने हामीले नै हो । त्यसकारणले त्यो भावनाका साथ नै हामी अगाडि बढ्नुपर्दछ । र यहाँहरूले भन्नुभएको विचारहरूका प्रतिमा पुनः सम्मान गर्न चाहन्छु त्यसमा पनि राष्ट्रिय सहमति जुटाउने कोसिस सहमति जुटाउने कोसिस सरकारले गर्दै नै जाने छ । तर सहमति नजुट्या विषयका कारणले सहमति जुट्या विषयहरूलाई नरोकौं भन्ने हाम्रो हाम्रो विनम्रतापूर्वक आग्रह हो । जे विषयमा सहमति बन्न सकेन त्यही कारणले सहमति भएका कुरा पनि रोक्ने हुने हो भने त नागरिकता पाउनेले नपाउने भए । अहिले ७२ सालदेखि ७९ सालसम्म पाएनन् अहिले पनि अहिले पनि सहमति जुटेन भने कति सालसम्म पाउँदैनन् । त्यसकारण सहमति जुट्या विषयहरूलाई अगाडि बढाऊँ जुट्न नसक्या विषयहरूलाई पनि सहमति जुटाउने कोसिस गर्दै गरौं त्यसमा हामी इमान्दार प्रयत्न गर्छौं । यति भन्दै यहाँहरूले जुन महत्त्वपूर्ण विचार राख्नुभएको छ । त्यसका प्रति धन्यवाद दिँदै आफ्ना भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरू "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भनुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल साउन १२ गते बिहीवार बिहान ११ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक मिति २०७९ साल साउन १२ गते बिहीवार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १३:०० बजे ।**